# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## पञ्चपुरी नगरपालिका
## सुर्खेत





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## पञ्चपुरी नगरपालिका

## सुर्खेत




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## पञ्चपुरी नगरपालिका

## सुर्खेत

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन

तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय कर्णाली प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ९५

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
पञ्चपुरी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय ।

## कैफियत सहितको राय

हामीले पञ्चपुरी नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ११ करोड ७९ लाख ६४ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २ करोड १३ लाख ७५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४ करोड ९६ लाख ६५ हजार, नियमित गर्नुपर्ने रु ४ करोड ६९ लाख २३ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ६ करोड ४० लाख ६२ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु १८ करोड २० लाख २६ हजार रहेको छ । नगरपालिकाको बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगरपालिकाको, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

नायब महालेखापरीक्षक

पञ्चपुरी नगरपालिका, सुर्खेत

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिए को | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६४ | १५७ | ११७९६४ | ० | ० | ०० | ६४ | १५७ | ११७९६४ | २१३७५ | ४६९२३ | ४९६६५ | ० | ० | ९६५८९ | ० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पञ्चपुरी नगरपालिका सुर्खेत | ६४०६२ | ० | ० | ६४०६२ | ० | ११७९६४ | १८२०२६ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : पञ्चपुरी नगरपालिका, सुर्खेत , पन्चपुरी नगरपालिका , सुर्खेत

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | गोकर्ण नाथ योगि | २०७९-४-२९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | द्रोण देव वन | २०७९-१०-११ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ११७,९६४,७६६ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ६,१८,६०,७३३.७९ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४३,५८,५९,०८३.५ | **चालु खर्च** | ३४,७१,८७,४५८.२ |
| **प्रदेश सरकारबाट अनुदान** | ५,९०,३५,६५१ | **पूँजीगत खर्च** | २२,६३,१५,२६९ |
| **राजश्व बाँडफाँट** | १०,८०,६६,६९५.५ | **वित्तीय/अन्य व्यवस्था** | ३३,०७,३२,८९६.३७ |
| **आन्तरिक आय** | ८८,६१,५२५.४ | | |
| **अन्य आय** | ३१,७७,०२,४३२.८६ | | |
| **कुल आय** | ९२,९५,२५,३८८.२६ | **कुल खर्च** | ९०,४२,३५,६२३.५७ |
| **बाँकी मौज्दात** | | ८,७१,५०,४९८.४८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानिय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायीकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानिय सरकारको संचालन गर्ने उदेश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकार संचालन गर्ने हरेक कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानिय सरकारको हरेक काममा जनसहभागिता, उतरदायित्व,पारदर्शिता सुनिश्चित गरी नागरीकहरुलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नै नगरपालिका स्थापनाको उदेश्य हो । कर्णाली प्रदेशमा अवस्थित यस नगरपालिका अन्तर्गत ११ वडा ५८ सभा सदस्य रहेका छन । कुल ३२९.९ ब.कि.मी क्षेत्रफल ओगटेको यस नगरपालिकाको जनसंख्या ३२२३१ जना रहेको छ ।<br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| २ | | | **वित्तीय प्रतिवेदनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)सम्बन्धमा निम्नअनुसार देखिएको छः | |

प्राप्ती भुक्तानी हिसाव

| विवरण | यस वर्ष रु. | | | |
|---|---|---|---|---|
| | बजेट | आफैलेगरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझैभुक्तानी | जम्मा |
| प्राप्ती | ६९,३७,५२,८५४.०० | ६३,१६,२४,९२०.३८ | | ६३,१६,२४,९२०.३८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | (क+ख) | | | | | |
| | | | | क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ६६,२१,७७,९४०.०० | ६०,९४,८०,४५५.३८ | ० | ६०,९४,८०,४५५.३८ | |
| | | | | ११००० कर | १०,६४,१५,९४०.०० | १०,७५,२९,९४२.८६ | ० | १०,७५,२९,९४२.८६ | |
| | | | | १३००० अनुदान | ५४,७७,२४,०००.०० | ४९,४८,९४,७३४.५० | ० | ४९,४८,९४,७३४.५० | |
| | | | | संघीय सरकार | ४७,३९,२६,०००.०० | ४३,५८,५९,०८३.५० | ० | ४३,५८,५९,०८३.५० | |
| | | | | प्रदेश सरकार | ७,३७,९८,०००.०० | ५,९०,३५,६५१.०० | ० | ५,९०,३५,६५१.०० | |
| | | | | १४००० अन्य राजस्व | ७४,३८,०००.०० | ५२,२४,९६७.०२ | ० | ५२,२४,९६७.०२ | |
| | | | | १५००० विविध प्राप्ति | ६,००,०००.०० | १८,३०,८११.०० | ० | १८,३०,८११.०० | |
| | | | | ख. अन्य प्राप्ति | ३,१५,७४,९१४.०० | २,२१,४४,४६५.०० | | २,२१,४४,४६५.०० | |
| | | | | वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० | |
| | | | | कोषहरु | ३,१५,७४,९१४.०० | १,७०,२६,०००.०० | ० | १,७०,२६,०००.०० | |
| | | | | धरौटी | ० | ५१,१८,४६५.०० | ० | ५१,१८,४६५.०० | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | भुक्तानी (ग+घ) | ७५,५६,१३,५८७.७९ | ६२,९६,१२,४३८.३२ | | ६२,९६,१२,४३८.३२ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | ७२,४०,३८,६७३.७९ | ६०,८२,७३,६१९.६९ | | ६०,८२,७३,६१९.६९ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १४,९७,४२,४००.०० | १३,०२,८७,४६४.९९ | ० | १३,०२,८७,४६४.९९ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | २०,६१,८८,३२४.७९ | १८,०२,२२,८८६.८० | ० | १८,०२,२२,८८६.८० | |
| | | | २५००० सहायता (Subsidy) | ५,६७,५४,०००.०० | ५,५४,०६,३१२.९० | ० | ५,५४,०६,३१२.९० | |
| | | | २६००० अनुदान | ० | ० | ० | ० | |
| | | | २७००० सामाजिक सुरक्षा | १,४५,८६,०००.०० | ४४,२०,४९५.०० | ० | ४४,२०,४९५.०० | |
| | | | २८००० अन्य खर्च | १०,००,०००.०० | ७,७५,५५०.०० | ० | ७,७५,५५०.०० | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २९,५७,६७,९४९.०० | २३,७१,६०,९१०.०० | ० | २३,७१,६०,९१०.०० | |
| | | | घ. अन्य भूक्तानी | ३,१५,७४,९१४.०० | २,१३,३८,८१८.६३ | | २,१३,३८,८१८.६३ | |
| | | | कोषहरु | ३,१५,७४,९१४.०० | १,९७,२५,५४९.०० | ० | १,९७,२५,५४९.०० | |
| | | | धरौटी | ० | १६,५१,११०.०० | ० | १६,५१,११०.०० | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -३७,८४०.३७ | | -३७,८४०.३७ | | |
| | | | | ङ. यो वर्षको बचत (न्युन) | (६,१८,६०,७३३.७९) | २०,१२,४८२.०६ | | २०,१२,४८२.०६ | | |
| | | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ८,०९,००,०७९.७९ | | ८,०९,००,०७९.७९ | | |
| | | | | वर्षान्तको बाकी रकम (ङ + च) | (६,१८,६०,७३३.७९) | ८,२९,१२,५६१.८५ | | ८,२९,१२,५६१.८५ | | |
| | | | | बैंक तथा नगद बाकी | | ८,६०,२८,५६१.८५ | | ८,६०,२८,५६१.८५ | | |
| २.१ | | | **वित्तीय विवरणको यथार्थता :** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले संघबाट प्राप्त सामाजिक सुरक्षा तथा संरक्षणको रु. १३३७८१७३२।०६, गरिब सँग विश्वेश्वर कार्यक्रमको रु. ४,६४,०००।- स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम रु.५०,००,०००।- एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ४,६३,१७,०००।- , प्रदेश कोष तर्फको रु.५,२५,७२,६१२।- समेत रु.२३,८१,३५,३४४।०६ लगायतको रकम सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । | | | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२.२</td><td></td><td></td><td>
फरक हिसाब : यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१९०३९३४६.०० , यस वर्षको प्राप्ति रु.२६,१४५०,४६७।०३, यस वर्षको भुक्तानी रु.२,३८,१७,३१८४।४० र बैङ्क मौज्दात रु.११,२१,९३६।६३ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।
<table>
<tr><th>विवरण</th><th>गतवर्षको जिम्मेवारी</th><th>यसवर्षको प्राप्ति</th><th>यसवर्षको भुक्तानी</th><th>बैङ्क मौज्दात</th></tr>
<tr><td>सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)</td><td>८,०९,००,०७९.७९</td><td>६३,१६,२४,९२०.३८</td><td>६२,९६,१२,४३८.३२</td><td>८,६०,२८,५६१.८५</td></tr>
<tr><td>एकीकृत आर्थिक विवरणअनुसार</td><td>६१८६०७३३।७९</td><td>८९३०७५३८७।४१</td><td>८६७७८५६२२।७२</td><td>८७१५०४९८।४८</td></tr>
<tr><td>फरक</td><td>१९०३९३४६</td><td>२६१४५०४६७।०३</td><td>२३८१७३१८४।४०</td><td>११२१९३६।६३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२.३</td><td></td><td></td><td>जिम्मेवारी फरक परेको : स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा रु. ३,९१,२९,१८१।- मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा एकिकृत आर्थिक विवरणमा रु. ६,१८,६०,७३३।७९ जिम्मेवारी सारेको देखिन्छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२,२७,३१,५५२।- वढी जिम्मेवारी सरेको देखिन्छ भने सुत्रमा अनुसार गत वर्षको जिम्मेवारी रु.८,०९,००,०७९।७९ सारेको देखिएकोले वढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२.४</td><td></td><td></td><td>मौज्दातः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । पालिकाले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. ६,९४,३६,३२४।- ले फरक देखिएको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २.५ | | | **बैक हिसाब मिलान नगरेको** : स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ । | |

| सि.नं. | खाताकोनाम | श्रेस्ताअनुसारबाँकी | बैंकस्टेटमेण्टअनुसारबाँकी | फरक |
|---|---|---|---|---|
| १ | चाल' खर्च खाता | १५४१०१९७.८ | १६५१२४४९.४३ | ११०२२५२ |
| २ | पूँजिगत खर्च खाता | ३३५१८१९५ | ३४६१५५७३ | १०९७३७८ |
| ३ | मर्मत संभार कोष | २५१६४८ | ४९२०३६८ | ४६६८७२० |
| ४ | विभाज्य कोष | १२२२३८९ | १२३४३८९ | १२००० |
| | **जम्मा** | **५०४०२४२९.८** | **५७२८२७७९.४३** | **६८८०३५०** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३</td><td></td><td></td><td>

**अनुदान फिर्ताः**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको छ ।

<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>फिर्ता रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td>संघीय सरकार</td><td>शसर्त</td><td>२९२५११९३०.५०</td><td>२५९०९७९८१.००</td><td>३३४१३९४९.५</td><td></td></tr>
<tr><td></td><td>विषेश</td><td>२४८४७१५३.००</td><td>२४८४७१५३.००</td><td>०</td><td></td></tr>
<tr><td>प्रदेश सरकार</td><td>शसर्त</td><td>३९१७१०६१.००</td><td>३८२४४११८.००</td><td>९२६९४३.००</td><td></td></tr>
<tr><td></td><td>विषेश</td><td>३५०००००.००</td><td>३५०००००</td><td>०</td><td></td></tr>
<tr><td></td><td>समपुरक</td><td>३६७१५९०.००</td><td>३२४१५९०.०</td><td>४३००००.००</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td>३६३७०१७३४.५</td><td>३२८९३०८४२</td><td>३४७७०८९२.५</td><td></td></tr>
</table>

</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>

**बजेट सीमा निर्धारण समिति:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **बजेट पेश, पारित र अख्तियारीः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेशगर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री अप्सरा देवी न्यौपाने महतले मिति २०७८।०३।१० गते रु.७० करोड ८० लाख १९ हजार ६५१ करोडको बजेट सभा समक्ष पेस गरेकोमा मिति २०७९।०३।२४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०६।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोके अनुसार समयमा आय र व्ययको अनुमान पेस गरी पारित गर्ने र अख्तियारी दिनुपर्दछ । | |
| ६ | | | **बजेट तथा कार्यक्रम तर्जुमाः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ७ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br>(तालिका तल)<br>उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३९ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा १ प्रतिशत रहेको छ । | |

| क्र.स | क्षेत्र | बजेट(हजारमा) | खर्च | जम्मा खर्चको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५०४१९ | ७४७६४ | १९ |
| २ | पूर्वाधार विकास | १९३०३४ | १४६८९९ | ३७ |
| ३ | सामाजिक विकास | २०९२२६ | १६८०४० | ४३ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ५३३९ | ३३९१ | १ |
| जम्मा | | ४६९४६० | ३९३०९४ | १०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९</td><td></td><td></td><td>
त्रैमासिक पूँजीगत खर्चः
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसूची- २ को ढाँचामा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>क्र.स.स</th><th>बजेट उपशिर्षक</th><th>कुल खर्च</th><th>आषाढ महिना</th></tr>
<tr><td>१</td><td>चालु खर्चतर्फ</td><td>४२८२७०</td><td>११३८२३</td></tr>
<tr><td>२</td><td>पूँजिगत खर्चतर्फ</td><td>२९५७६७</td><td>१६२६७०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७२४०३८</td><td>२७६४९३</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td></td><td>३८.१८</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.७२ करोड ४० लाख ३८ हजार खर्च भएकोमा आषाढ महिनामा मात्र रु.२७ करोड ६४ लाख ९३ हजार अर्थात ३८.१८ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले नगद प्रवाह सन्तुलित देखिएन । त्रैमासिक रुपमा सन्तुलित नगद प्रवाह हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **योजना छनौट र कार्यान्वयनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगरविकास योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><br>रु १ लाख सम्म: ९५; रु १ लाख देखि २ लाखसम्म: १४०; रु २ लाखदेखि ५ लाखसम्मका: १२५; रु ५लाख देखि १० लाखसम्मका: ५०; रु १० लाखभन्दा बढीको: ३५; जम्मा: ४४५<br><br>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.१ लाख देखि २ करोड ११ लाख सम्मका जम्मा ४४५ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा तलका मात्र ९५ वटा योजनाहरु रहेका छन् । साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने तर दीर्घकालीन र प्रतिफलमुखि नहुदाँलागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था देखिएकोले योजनाको दिगोपनामा ध्यान दिनु पर्दछ । | |
| ११ | | | **खर्च विश्लेषणः**<br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. ८८,६१,५२५।४० राजस्व बाँडफाँड र अनुदानबाट रु.६२,२७,६३,३९४।- समेत रु.६३,१६,२४,९२०।- आम्दानी भएकोमा चालु तर्फ रु.३५,९३,१३,०००।- र पूँजिगत तर्फ रु.२०,९८,३३,४६४।- समेत रु.५६,९१,६४,४७१।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.५६ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.१,७०,४०,०००.०० खर्च भएको छ जुन आन्तरिक आयको १९२.२८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५९ प्रतिशत चालु र ४१ प्रतिशतमात्र पूँजिगतमा खर्च भएको देखिन्छ । पालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्यून खर्च गरी प्रशासनीक कार्यमा बढी खर्च गर्दा पालिकाको लक्ष्य प्राप्ति नहुने देखिएकोले चालु खर्चमा नियन्त्रण गरी बिकास निर्माणमा रकम परिचालन गरिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>
लक्ष्य प्रगति :<br>
कार्यालयले चैमासिक र बार्षिक स्तरक प्रगति विवरण बनाई पेस गर्नुपर्नेमा पालिकाले स्वीकृत कार्यक्रमको लक्ष्य अनुसार प्रगति गर्नुपर्नेमा मुल कार्यक्रम संख्या ६५० र सहायक कार्यक्रम ४०० मध्ये कार्यक्रममा ७५ प्रतिशत भन्दा घटि प्रगति गरेको निम्नानुसारको विवरण पेस भएको छ । पालिकाले तोकिएको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको छैन । बजेट खर्च अनुसार तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><td rowspan="2">कार्यक्रम/योजना</td><td rowspan="2">कुल कार्यक्रम</td><td colspan="4">वार्षिक प्रगति स्थिती</td></tr>
<tr><td>शून्य प्रगती</td><td>२५% सम्म प्रगति</td><td>५०% सम्म प्रगति</td><td>७५% सम्म प्रगति</td></tr>
<tr><td>मुल कार्यक्रम संख्या</td><td>६५०</td><td>८</td><td>२०</td><td>१००</td><td>५२२</td></tr>
<tr><td>सहायक कार्यक्रम संख्या</td><td>४००</td><td></td><td>३०</td><td>४५</td><td>३२५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>
आन्तरिक नियन्त्रण प्रणालीः<br>
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम पालिकाको कार्य प्रभावकारी ढंगले संचालन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपसिल वमोजिम रहेका छन ।
<ul>
<li>पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।</li>
<li>पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको छैन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।</li>
<li>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।</li>
<li>विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।</li>
<li>पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।</li>
<li>वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।</li>
<li>जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।</li>
<li>कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख छैन ।</li>
</ul>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको नदेखिएको ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.४,६९,६५,४०५।- तलब खर्च लेखेकोमा तलबी प्रतिवेदन पारित नहुँदा ग्रेड लगायतका खर्च रकम भिडान हुन सकेन । नियमानुसार भत्ता तथा ग्रेड यकिन गरेरमात्र तलब खर्च लेख्नुपर्दछ ।<br>आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुँदा सार्वजनिक सेवा प्रवाह र आर्थिक अनुशासन प्रभावकारी नहुने भएकोले नियमानुसार आन्तरिक नियन्त्रण प्रणाली स्वीकृत गरी कार्यान्वियन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । साथै संघीय सरकार तथा प्रदेश सरकार तर्फको विषयगत निकासाको समेत सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयवाट आन्तरिक लेखापरीक्षण भएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १५ | | | **आन्तरिक लेखापरीक्षण शाखा :**<br>प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाँच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| १६ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ६९ जना पदपूर्ती भएको देखिन्छ । प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जिनियर, जनस्वास्थ्य अधिकृत सहित ६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ भने पालिकाले विभिन्न पदमा ६० जना कर्मचारी करारमा राखि रु.१,४५,९४,०००.०० खर्च लेखेको छ । | |
| १७ | | | **कर्मचारी करारः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको भएपनि इन्जिनियर, क.अ , खा.पा.स.टे, सहायक चौथो, अहेव, अ.न.मि, सहायक चौथो लगायतको ९ पदमा १२ जना करार नियुक्ति गरी बर्षभरीमा रु.५०,३९,१९०.०० भुक्तानी गरेको अनियमित देखिएको रु...... | ५,०३९,१९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **बार्षिक खरिद योजना/गुरुयोजना :**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ मा बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत रु. २९ करोड ५७ लाख ६८ हजार को निर्माण एवं पूँजीगत खर्च गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा प्रचलित ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| १९ | | | **कल्याण कोषः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले गत वर्षको जिम्मेवारी रु.१०,४३,८४८।- तथा यस वर्ष कर्मचारीको मासिक तलवको १० प्रतिशत कट्टा गरी सो वरावर रु.२,५१,६४८।- थप गरी कुल रु.१२,९५,४९६।- जम्मा गरेको देखिन्छ । कानून वेगर कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्ने तथा तथा खर्च गर्न मिल्ने नदेखिएकोले कानून निर्माण गरेरमात्र कोषमा आम्दानी खर्च गर्नुपर्दछ । | |
| २० | | | **कानून र सञ्चालन स्थितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ५ वटा ऐन, १२ कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले २८ वटा कानूनहरु निर्माण गरी कार्यपालिकाबाट स्वीकृत गरेको छ । उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१</td><td></td><td></td><td>सेवाप्रवाहको स्थिति :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई सेवा प्रवाह प्रभावकारी बनाउनु पर्नेमा पालिकाले यस वर्ष सम्पादित सेवा प्रवाह निम्न अनुसार रहेको छ ।<br><table>
<tr><td>विवरण</td><td>जम्मा</td></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>२</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>२३९५</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>५८१</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>४७८ वटा</td></tr>
<tr><td>विवाह दर्ता</td><td>८२५ वटा</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>५ वटा</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>२ वटा(४ किलोमिटर)</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>२ वटा(४ किलोमिटर)</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>११० वटा (८.५६ किलोमिटर)</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>५५ वटा (१०.६० किलोमिटर)</td></tr>
</table>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **खाना तथा विविध खर्चः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा खाजा एवं विविध खर्चतर्फ मात्र रु.२७ लाख खर्च गरेको छ । पालिकाको आन्तरिक आम्दानी अनुसार विविधमा हुने खर्च नियन्त्रण गर्नुपर्दछ । | |
| २३ | | | **न्यायीक समितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २ र यो बर्ष थप भएको २५ गरी कुल २७ विवाद दर्ता भएकोमा २१ वटा फछ्र्यौट भएको विवरण पेश गरेको छ । | |

| उजुरीको प्रकार | गत आ.वमा फछ्र्योट गर्न बाँकी | यो आ.व मा थप | यो आ.व मा फछ्र्योट | फछ्र्योट बाँकी | फछ्र्योट नहुनाको कारण |
|---|---|---|---|---|---|
| घरायसी | १ | १६ | १३ | १ | समयको अभाव |
| जग्गा खिचलो | १ | ६ | ५ | १ | समयको अभाव |
| लेनदेन | ० | ३ | ३ | | |
| जम्मा | २ | २५ | २१ | २ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **सवारीसाधन खरिदः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ५ थान दुई पांग्रे सवारी साधन खरिदमा रु.१६,०७,३९८।- खर्च गरेको छ । निर्देशिका पालना नगरी खर्च गर्ने प्रवृत्तीमा नियन्त्रण हुनुपर्दछ ।<br><br>सि न \| सवारी साधनको नाम \| एकाई \| खरीद मिति \| खरीद मुल्य<br>१ \| मोटर साईकल \| ५ \| २०७९।०२।२८ \| १६०७३९८ | |
| २५ | | | **सम्पत्ति हस्तान्तरण :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| २६ | | | **अनुदानको अनुगमनः**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदान खर्च लेखेको छ । बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गर्ने गरेको छैन । साथै अनुदान वास्तविक एवं प्रभावकारी बनाउन दिर्घकालिन नीति तय गरेका छैन । अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी जीबनस्तरमा सुधार आएको यकिन हुने संयन्त्र स्थापित गरी अनुदान रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **वितरणमुखी कार्यक्रमः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। नगरपालिकाले रु. २० हजार देखिको योजना तथा पाईप वितरण जस्ता कार्यक्रम गरेको देखिएकोले यस्ता किसिमका वितरणमुखि योजना संचालन गरी खर्चले पालिकाको दीर्घकालीन पूँजी निर्माण नहुने तथा यस्तो कार्यक्रम वास्तविक लक्षित समूहको पहिचान पारदर्शी देखिदैन । वास्तविक आवश्यकता र मापदण्ड तय नगरी खर्च गरेको यस्तो कार्यक्रम नियन्त्रण हुनुपर्दछ। | |
| २८ | | | **पारिश्रमिक करः**<br>आयकर ऐन, २०५८ को दफा ८७ तथा आर्थिक ऐन २०७८ अनुसार आयकर कट्टा गरी कर दाखिला गर्नुपर्दछ । पालिकाले पदाधिकारीहरुको २०७७ देखिको सेवा सुविधा भुक्तानी गर्दा नियम अनुसार लाग्ने पारश्रमिक कर आंशिक रुपमा कट्टा गरेको देखिएकोले नपुग पारिश्रमिक कर असुल हुनुपर्ने रु | १०३,८०० |
| २९ | | | **स्थानीय तहका पदाधिकारी सुविधा :**<br>कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार गत वर्षको वाँकी समेत पालिकाबाट रु.१ करोड ७० लाख ४० हजार सुविधा वापत भुक्तानी भएको छ । | |

(क्रम २८ को तालिका)

| सिनं | पदाधिकारीको नाम | जम्मा भुक्तानी | पारिश्रमिककर | कट्टा भएको पारिश्रमिककर | पारिश्रमिककर |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख उपेन्द्र बहादुर थापा | ८७०५०० | ७८६५० | ५२०० | ७३४५० |
| २ | नगर उपप्रमुख मुक्ति देवी रेग्मी | ६९५५०० | ३५१०० | ४७५० | ३०३५० |
| | जम्मा | १५६६००० | ११३७५० | ९९५० | १०३८०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td></td><td></td><td>आन्तरिक आयः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><table><tr><td>केद्रिय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr><tr><td>८६७७८५६२६</td><td>८८६१५२५.४०</td><td>१.०२</td></tr></table>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.०२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आम्दानीको स्रोत पहिचान गरी आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>आयको अनुमानः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१,०७,११,१११।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.९६,६८,३५०।३५ अर्थात अनुमान भन्दा १० प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>आन्तरिक आम्दानीः<br>कार्यालयले जिन्सी किताबमा गत वर्षको बाँकी, यस वर्षको खरिद, खर्च र बाँकी नगदी रसिदको अभिलेख राख्नुपर्ने र जिन्सी किताबाट खर्च लेखेको रसिद नियन्त्रण खातामा आम्दानी जनाई सम्बन्धित वडा कार्यालयमा आम्दानी रकम उठाउने कर्मचारी जिम्मामा देखिने गरी नगदी रसिद नियन्त्रण खाता राख्नुपर्ने र वर्षान्तमा कारोवार बन्द भएपश्चात खर्च गर्न बाँकी रसिद फिर्ता गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ । यस वर्ष पालिकाले आन्तरिक आम्दानी जम्मा रु. ८८६१५२५.४० गरेको छ । प्रयोग भएका नगदी रसिद लेखाङ्कन गरेको म.ले.प.फा.नं. १०५ र १०८ पेश नभएको र समयमा वडाले राजस्व रकम बैक दाखिला समेत नगरेकोले आम्दानी भएको रकम यकिन गर्न नसकिने हुँदा पालिकाबाटै राजश्व संयन्त्र बनाई आन्तरिक आम्दानी व्यवस्थित गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३२.१</td><td></td><td></td><td>मुल्य अभिवृद्धि कर दाखिला : मुल्य अभिवृद्धि कर संघीय संचित कोषमा दाखिला गर्नुपर्नेमा पालिकाले दहत्तर वहत्तर वापत प्रथम किस्तावापत मुल्य अभिवृद्धि कर रु.२,९२,५००।- सहित रु.२५,४२,५००।- आम्दानी प्राप्त भएकोमा लेखापरीक्षण अविध २०७९।७।२१ सम्म दाखिला भएको नदेखिएकोले संघीय संचित कोष दाखिला भएको प्रमाण पेस हुनुपर्ने रु</td><td>२९२,५००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२.२ | | | **राजश्व दाखिला** : आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ११ वटा वडा पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । नगदी रसिद अनुसार शीर्षकगत आम्दानी खुल्नेगरी विवरण समेत तयार गरेको छैन । शीर्षकगत विवरण तयार गर्न लगाई यसरी ढिला राजश्व रकम बैक दाखिला भएको अवधि कार्यालयले छानविन गरी नियमानुसार जरिवाना असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ३२.३ | | | **अनुगमन प्रतिवेदन** : दहत्तर वहत्तरको ठेक्का सम्झौता गर्दा वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदनमा उल्लेख भए अनुसार नै गर्नुपर्दछ । पालिकाले IEE प्रतिवेदन तथा सम्झौतामा उल्लेख भए अनुसार ३१,०७७.४३ घ.मी. निकाल्ने मिल्ने गरी मिति २०७८।०८।०३ मा रु.५०,८५,०००।- को सम्झौता भएको छ । उक्त सम्झौता अनुसार निर्माण व्यवसायीले के कति परिमाणमा उत्खन्न भएको हो सोको अनुगमन हुनुपर्नेमा अनुगमन गरी सोको प्रतिवेदन पेस भएन । | |
| ३२.४ | | | **असुली गर्न बाँकी आन्तरिक आय** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस पालिकाको कार्यक्षेत्र भित्र रहेका ८ खोला मध्ये भेरी वाहेक ७ खोलाको ३१,०७७.४३ घ.मी गिट्टी वालुवा उत्खन्न गर्न दुर्गा कन्स्ट्रक्सनसँग मिति २०७८।०८।०३ मा रु.५०,८५,०००।- को सम्झौता भएको छ । उक्त ठेक्काको मान्य अवधि २०७९।०२।३० सम्म मात्र रहेकोमा सम्झौता अनुसार प्राप्त हुनुपर्ने रकम मध्ये रु.२५,४२,५००।- मात्र दाखिला भएकोले वाँकी सम्झौता अनुसार ५० प्रतिशत रकमको भदौ मसान्त सम्म मान्य अवधि भएको NCC Bank को जमानत पेश भएकोमा सम्झौतामा उल्लेख भएको अवधि भित्र नगद दाखिला नभएको अवस्थामा बैंक जमानत जफत गर्नुपर्नेमा वैंक जमानत समेत जफत नभएकोले प्राप्त हुनु वाँकी रु.२५,४२,५००।- को व्याज तथा जरिवाना १० प्रतिशत समेत यकिन गरी असुल गर्नुपर्ने रु. | २,७९६,७५० |
| ३३ | | | **राजश्व अभिलेख :**<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलीहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आर्थिक वर्षको बाँकी नगदी रसिद के कति बाँकी थियो एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असुलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुरर्‍याउनुपर्ने देखियो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **शिक्षक दरवन्दी र पदपूर्तिः**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिकाअन्तर्गत विभिन्न तहका ५३ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| विद्यालय | विद्यालय संख्या | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार / राहत | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| आ वि | ४४ | १७७ | १७६ | ७१ | ११८९१ |
| मा वि | ५ | २६ | २६ | २ | १८१२ |
| उ मा वि | ४ | १२ | १२ | १२ | १०७२ |
| | ५३ | २१५ | २१४ | ८५ | १४७७५ |

प्रचलित शिक्षा ऐन नियम बमोजिम विद्यार्थी शिक्षक अनुपातमा दरबन्दी मिलान गरी रिक्त दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **दिवा खाजाः**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २००७८।०७९) मा विद्यालयगत तथ्याङ्कका आधारमा विद्यालयहरुलाई बाल विकास कक्षा देखि ५ कक्षासम्म प्रति विद्यार्थी दैनिक रु. १५।- का दरले विद्यालयलाई अनुदान दिने र विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र थप अनुदान दिने व्यवस्था छ। पालिकाले EMIS मा प्रविष्ट तथ्याङ्कलाई अधावधिक नगरी एवम कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन तथा दैनिक हाजिरी एवम खर्चको विल भरपाई समेत पेश नगरी दिवा खाजा व्यवस्थापन वापत रु. १ करोड ४५ लाख ७० हजार निकासा गरेको छ । पालिकाले अनुगमन गरी, प्रमाणित हाजिरी पुस्तिका पेस गर्न लगाई हाजिर भएका वास्तविक विधार्थी संख्यालाई दिवा खाजा खुवाए/नखुवाएको एकिन गर्नुपर्दछ । साथै नमुना परीक्षणमा देखिएको निम्न भौचरबाट पालिकाले उपलब्ध गराएको IEMIS विवरण भन्दा वढी विधार्थीको लागि निकासा भएको रकम निकासा गर्ने तथा सिफारिस गर्नेबाट असुल गरी संघीय संचितकोषमा दाखिला हुनुपर्ने रु .. | १०१,४७५ |
| ३६ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताः**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. १७,५५,०००.०० तलब भत्ता भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु | १,७५५,००० |

(क्रम ३५ भित्रको तालिका)

| भौ नं र मिति | IEMIS अनुसार विद्यार्थी संख्या | रकम निकासा भएको विधार्थी संख्या | वढी विधार्थी | दिन | दर | जम्मा |
|---|---|---|---|---|---|---|
| १२७ (०७९।१।१४) | ६२९४ | ६३३५ | ४१ | ८० | १५ | ४९२०० |
| ४५ (०७८।९।२०) | ६२९४ | ६३३५ | ४१ | ५० | १५ | ३०७५० |
| २०२ (०७८।३।१४) | ६२९४ | ६३३५ | ४१ | ३५ | १५ | २१५२५ |
| | ६२९४ | ६३३५ | ४१ | १६५ | १५ | १०१४७५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३७</td><td></td><td></td><td>छात्रवृत्तीः<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप ४.२ मा कक्षा १-८ का गैर आवासीय छात्रा तथा दलित विद्यार्थीलाई वार्षिक रु. ४००।- छात्रवृत्ति उपलब्ध गराउन सकिने उल्लेख छ । सार्वजनिक विद्यालयमा अध्यनरत विद्यार्थीको लागि छात्रवृत्ति (आवासीय गैर आवासीय) अन्तर्गत विद्यालयहरुलाई रकम निकासा गरिएको तर छात्रावृत्ति वितरण गरेको भरपाई संलग्न गरेको छैन । पालिकाले उक्त छात्रवृत्ति वितरण भए नभएको सम्बन्धमा छानविन गरी प्रतिबेदन पेश गर्नुपर्दछ ।
<table>
<tr><th>भौनंरमिति</th><th>रकमरु</th></tr>
<tr><td>२०२।०७९।०३।१४</td><td>२८५४८००</td></tr>
<tr><td>४५</td><td>४००००</td></tr>
<tr><td>२२९</td><td>८५०००</td></tr>
<tr><td>जम्मा</td><td>२९७९८००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३८</td><td>२०२</td><td>२०७९-३-२४</td><td>पढ्दै कमाउदैः<br>राष्ट्रपति शैक्षिक सुधार शीर्षक अन्तर्गत पढ्दै कमाउदै कार्यक्रमको लागि सूर्यप्रकाश मा. वि. पलैटेलाई रु.१० लाख निकासा गरेकोमा विद्यालयमा संचालन भएको उक्त कार्यक्रमको प्रतिबेदन संलग्न गरेको नदेखिएकोले प्रगति प्रतिबेदन पेस गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>स्यानिटरी प्याडः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३(क) मा खरिद आवस्यकताको पहिचान गरेर मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ६ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१० सम्म अध्यनरत सबै छात्राहरुलाई निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रम अनुसार एक महिनावारी चक्रको लागी वढीमा १६ वटा सम्म १० महिना सम्मको लागि प्याड उपलब्ध गराउनुपर्ने र त्यसको अभिलेख विद्यालयले राख्नु पर्ने व्यवस्था छ । सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन गर्न पालिकाले रु.२४ लाख ४९ हजार ९४ मा ३१,६४० प्याकेट प्याड खरिद गरी विभिन्न विद्यालयहरुलाई १३,४२४ प्याड हस्तान्तरण गरेको देखिन्छ । विद्यार्थी अनुपातको आधारमा आवश्यक स्यानीटरी प्याड खरिद गरी हस्तान्तण गर्नुपर्नेमा सो नगरी रु. १२,४७,१११।०० को १८,२०६ थान मौज्दात रहेको देखिएकोले कार्यविधि अनुसार प्रयोग भएको प्रमाण पेस गर्नुपर्ने रु.</td><td>१,२४७,१११</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०</td><td></td><td></td><td>जटिल संरचना निर्माणः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेसिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, कल्भर्ट लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु निम्न छन् :
<table>
<tr><th>सि नं</th><th>विद्यालयको नाम</th><th>विवरण</th><th>निकासा रकम</th></tr>
<tr><td>१</td><td>जनता माध्यमिक विद्यालय</td><td>नमुना विद्यालय</td><td>१४५०००००</td></tr>
<tr><td>२</td><td>ज्ञानोदय प्राथमिक विद्यालय जङ्गला</td><td>२ कोठे भवन</td><td>१८,००,०००</td></tr>
<tr><td>३</td><td>विद्याज्योति माध्यमिक विद्यालय सुन्दरपुर</td><td>२ कोठे भवन</td><td>१८,००,०००</td></tr>
<tr><td>४</td><td>ने.रा. आधारभुत विद्यालय हाँसेगाउँ</td><td>२ कोठे भवन</td><td>१८,००,०००</td></tr>
<tr><td>५</td><td>जनसिर्जना माध्यमिक विद्यालय</td><td>४ कोठे भवन</td><td>३६,००,०००</td></tr>
<tr><td>६</td><td>शिवधाम गुरुकुल विद्यालय</td><td>२ कोठे भवन</td><td>१८,००,०००</td></tr>
<tr><td>७</td><td>ने.रा. आधारभुत विद्यालय ताउले</td><td>२ कोठे भवन</td><td>१८,००,०००</td></tr>
<tr><td>८</td><td>ने.रा. माध्यमिक विद्यालय बुढाखाली</td><td>४ कोठे भवन</td><td>३६,००,०००</td></tr>
<tr><td>९</td><td>जनता माध्यमिक विद्यालय</td><td></td><td>३५०००००</td></tr>
<tr><td>१०</td><td>विद्यापुर सडक</td><td>कालोपत्रे गर्ने</td><td></td></tr>
</table>
नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **शिक्षण सिकाई सामाग्रीः**<br>नगरपालिकाले ५३ वटा विद्यालयको लागि IEMIS रेकर्डको विद्यार्थी संख्याको आधारमा शिक्षण सिकाई सामाग्रीको लागि रकम निकासा गर्नुपर्नेमा वढी रकम निकासा गरेको र खर्च पुष्ट्याई हुने कागजात समेत संलग्न नगरेकोले वढी निकासा भएको रकम रु. ६६,०००।- शिक्षा शाखा प्रमुख तथा लेखा प्रमुखलाई जिम्मेवार बनाई असुल गरी संघीय संचितकोषमा दाखिला हुनुपर्ने रु. | ६६,००० |

| कक्षा | विद्यार्थीIEMIS रेकर्डमा | विधार्थीसंख्यारकमनिकासा | वढीविद्यार्थी | दर | वढीनिकासारकम |
|---|---|---|---|---|---|
| १-५ | ५१२० | ५२०० | ८० | १०० | ८००० |
| ६-८ | २७१८ | २८५६ | १३८ | २०० | २७६०० |
| ९-१० | १५४४ | १६९६ | १५२ | २०० | ३०४०० |
| जम्मा | | | | | ६६००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **ICT ल्यावः**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकाको खण्ड १ (१.३) आर्थिक अनुशासन तथा वित्तीय प्रतिवेदन (छ) मा विद्यालयमा हुने खरिद कार्य सार्वजनिक खरिद ऐन तथा नियमावली, विद्यालय खरिद दिग्दर्शन र विद्यालय लेखाङ्कन दिग्दर्शनको आधारमा गर्ने र सोको अनुगमन स्थानीय निकायले गर्नु पर्ने व्यवस्था छ । विद्यालय शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत दिईएको तपसिल बमोजिमको अनुदान उपयोग को सम्बन्धमा अनुगमन गरी कार्य सम्पन्न भएको प्रतिबेदन बिल भरपाई सहित पेश हुनुपर्ने रु<br><br>सि. नं. \| विद्यालयको नाम \| निकासा रकम<br>१ \| जन ज्योती माध्यमिक विद्यालय जामु \| ६५००००<br>२ \| जन ज्योती आधारभुत विद्यालय भावर \| ६५००००<br>३ \| विद्याज्योती माध्यमिक विद्यालय बाबियाचौर \| ६५००००<br>४ \| सुर्यप्रकास माध्यमिक विद्यालय पलैटे \| ६५००००<br>५ \| भेरी प्रा वि चाम्री \| ६५००००<br>६ \| युवाज्योती आधारभुत विद्यालय बरैचे \| ६५००००<br>जम्मा \| \| ३९००००० | ३,९००,००० |
| ४३ | | | **कार्य सम्पन्न नभई भुक्तानीः**<br>शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको ०७८।७९ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं ११ १ २ ४४५ को ८.२ मा भवन निर्माण अनुदान दिदाँ क्रमश ३०, ५०, २० प्रतिशत निकासा दिनुपर्ने र अषाढ १५ भित्र निर्माण कार्य सम्पन्न गरि कार्य सम्पन्न प्रतिबेदन प्रमाणित गरिसक्नुपर्ने व्यवस्था छ । तर मन्त्रालयले कोभिड १९ लगायत विविद्य कारण समयमा निर्माण कार्य सम्पन्न नगर्ने विद्यालयहरुलाई कार्य प्रगति अनुसार फुकुवा हुने गरी तोकिएको रकम सम्बन्धित विद्यालयको खातामा पठाउने मा मन्त्रीस्तरिय निर्णय भएको जनाई च.नं. २२५ मिति २०७९।०३।१७ मा परिपत्र गरेको आधारमा विद्यालयहरुलाई निकासा दिएको छ । उक्त निर्माण कार्यको प्राविधिकबाट कार्य सम्पन्न प्रतिबेदन तयार गरी भुक्तानी गरेको छ । वास्तविक काम बाँकी निर्माण कार्यको नाप भएको जनाई कार्य सम्पन्न प्रतिबेदन तयार गर्ने | ३४,२००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्राविधिकलाई जिम्मेवार बनाई पुन नाँप गरी सोको आधारमा कार्य सम्पन्न प्रतिबेदन, निर्माण सम्पन्न माईन्यूट, फोटो लगायत निर्माण कार्य पुरा भएको प्रमाण पेश गर्नु पर्ने रु | |

| भौ नं | विद्यालयको नाम | विवरण | निकासा रकम |
|---|---|---|---|
| ८ र २२ | जनता माध्यमिक विद्यालय | नमुना विद्यालय | १४५००००० |
| १५ | ज्ञानोदय प्राथमिक विद्यालय जङ्गला | २ कोठे भवन | १८,००,००० |
| | विद्याज्योति माध्यमिक विद्यालय सुन्दरपुर | २ कोठे भवन | १८,००,००० |
| | ने.रा. आधारभुत विद्यालय हाँसेगाउँ | २ कोठे भवन | १८,००,००० |
| | जनसिर्जना माध्यमिक विद्यालय | ४ कोठे भवन | ३६,००,००० |
| | शिवधाम गुरुकुल विद्यालय | २ कोठे भवन | १८,००,००० |
| | ने.रा. आधारभुत विद्यालय ताउले | २ कोठे भवन | १८,००,००० |
| १७ | ने.रा. माध्यमिक विद्यालय बुढाखाली | ४ कोठे भवन | ३६,००,००० |
| प्रदेश सशर्त ४४ | जनता माध्यमिक विद्यालय | | ३५००००० |
| जम्मा | | | ३,४२,००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **अवकाश तलब निकासाः**<br>विद्याज्योती मा. वि. सुन्दरपुर पञ्चपुरी नगरपालिका- ९ का शिक्षक श्री विमलराज तिवारीको मिति ०७८।०९।०७ मा राजिनामा स्वीकृत भएकोमा पौष मसान्त सम्मकै तलब विद्यालयमा निकासा भएकोले २३ दिन बराबरको तलव फिर्ता गर्नुपर्ने रु... | ३३,७९५ |
| ४५ | | | **पाठ्यपुस्तकः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५.१ | १२७ | २०७९-१-१४ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तिकामा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान पहिलोपटकमा विद्यार्थी संख्याको आधारमा ७५% संख्यालाई पहिलो चौमासिकमा दिने र शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा नपुग हुने रकम मात्र थप २५% बाट अनुदान दिने व्यवस्था छ । पालिकाले २०७९।०१।१४ मा अन्तर्गतका विद्यालयलाई ७५ प्रतिशत भनि रु.४६,४२,३२९। र २०७९।०३।२० मा २५% भनि रु.१५,२८,१९३।०० पाठ्यपुस्तक वापतको रकम निकासा गरेकोले विद्यार्थी संख्या पाठ्यपुस्तक खरिद र वितरण सहित खर्च प्रमाणित हुने कागजात पेश हुनु पर्दछ । | |
| ४५.२ | | | पालिकाले पहिलो किस्तामा ५३ वटा विद्यालयको लागि IEMIS रेकर्डको विद्यार्थी संख्याको आधारमा पाठ्यपुस्तकको लागि रकम निकासा गर्नुपर्नेमा वढी रकम निकासा गरेको र खर्च पुष्ट्याई हुने कागजात समेत संलग्न नगरेकोले वढी निकासा भएको रकम असुल गरी संघीय संचितकोषमा दाखिला हुनुपर्ने रु. | ८९,४५० |
| ४६ | | | **महिला स्वास्थ्य स्वयंम सेविकाको सुविधाः** एउटै निकायमा कार्य गर्ने जनशक्तीहरुको समान काम, कर्तव्य र जिम्मेवारी भएको अवस्थामा सेवा सुविधा समान हुनुपर्दछ । पालिकामा प्रत्येक वडामा कार्यरत महिला स्वास्थ्य स्वयंम सेविकाको सुविधा समान हुनुपर्नेमा वडा कार्यलयलाई छुट्याईएका योजनाहरुमा केही वडाले थप सुविधा दिएको देखिएकोले एउटै पालिकामा केही जनशक्तीलाई थप सुविधा दिनु उचित देखिदैन । सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन । | |

| कक्षा | निकासाहुनुपर्ने | निकासाभएको | वढीनिकासा |
|---|---|---|---|
| कक्षा१-५ | २०४५६६२ | २०५५५९४ | ९९३२ |
| कक्षा६-१० | २३७४८६० | २४५४३७८ | ७९५१८ |
| जम्मा | | | ८९४५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६.१ | | | पालिका भित्र कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाको कार्य तथा जिम्मेवारी एकै प्रकारको हुने भएकोले सेवा सुविधामा पनि एकरुपता कायम गर्नुपर्दछ । पालिकाकाले महिला स्वास्थ्य स्वयंसेविकालाई मोबाईल वितरण गर्दा एकै प्रकारको वितरण गर्नुपर्नेमा फरक पारेको छ । सुविधा दिदा एकरुपता कायम गर्नुपर्दछ ।<br>भौनंरमिति \| वडानं \| मोडल \| संख्या \| दर \| रकम<br>४४३।०७९।०३।१४ \| \| नोकिया१५० \| १० \| ४९९९ \| ४९९९१<br>१५१।०७८।१०।१३ \| १ \| मोबाईल \| ५ \| १९९९९।८ \| ९९९९९ | |
| ४६.२ | ५६७ | २०७९-३-२८ | वडा नं. १० मा कार्यरत महिला स्वास्थ्य स्वयंम सेविकाको लागि १० थान साडी तथा कपडा खरिद गरी रु.५०,०००।०० खर्च लेखेको छ । वडा १० मा ८ जना मात्र स्वयंम सेविका रहेकोमा २ थान साडी वढी खरिद गरेकोले थप स्वयंम सेविका भए प्रमाण पेश हुनुपर्ने अन्यथा सो वापतको रकम असुल हुनुपर्ने रु. | ८,४०० |
| ४७ | | | **कोरोना कोषः** | |
| ४७.१ | | | **स्ट्रेचर खरिदः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्तव नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा विल भरपाई सहित लेखा राख्नुपर्दछ । पालिकाले निहित फर्मास्यूटिकलबाट ६० थान स्ट्रेचर खरिद गरी रु.२,९९,९४७।- खर्च लेखेकोमा वितरण गरेको भरपाई पेस नभएकोले वितरण गरेको प्रमाण पेस गर्नुपर्ने रु. | २९९,९४७ |
| ४७.२ | | | **एम्वुलेन्स खरिदः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा विल भरपाई सहित लेखा राख्नुपर्दछ । पालिकाले कोषबाट एम्वुलेन्स खरिद गर्न प्राथमिक स्वास्थ्य केन्द्र, सालकोटलाई रु.१२ लाख निकासा गरेकोमा हाल सम्म पनि एम्बुलेन्स खरिद भएको नदेखिएकोले खरिद गरेको विल भरपाई सहित एम्वुलेन्स जिन्सी आम्दानी गरेको प्रमाण पेस हुनुपर्ने रु. | १,२००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८</td><td></td><td></td><td>
औषधी खरिदः
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर पालिकाले उक्त प्रक्रियावेगर विभिन्न मितिमा फरक सप्लायर्सबाट रु.२३,९४,४९५०।- का औषधी सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः
<table>
<tr><th>भौनंरमिति</th><th>फर्मकोनाम</th><th>रकमरु</th></tr>
<tr><td>२६९।०७९।३।२४</td><td>श्री सुर्खेत सर्जिकल एण्ड मेडिकल सप्लायर्स</td><td>३९९९९४</td></tr>
<tr><td>२६७।०७९।०३।२३</td><td>श्री कृष्ण मेडिकल सप्लायर्स</td><td>९९४६०६</td></tr>
<tr><td>५५९।०७९।३।२४</td><td>श्री झरना मेडिसिन सप्लायर्स</td><td>९९९८९५</td></tr>
<tr><td></td><td></td><td>२३९४४९५</td></tr>
</table>
<ul>
<li>खरिद गरेका उक्त औषधी मान्यता प्राप्त कम्पनीबाट उत्पादन भएको र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,</li>
<li>आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन भन्ने खुलासाको प्रमाण समावेश नभएको,</li>
<li>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।</li>
<li>औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,</li>
<li>औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।</li>
</ul>
तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>वढी भुक्तानीः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९.१ | २१३ | २०७८-१२-१४ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । उपभोक्ताको बीस प्रतिशत लागत सहभागितामा घाँस काट्ने मेसिन खरिद तथा वितरण गर्ने कार्यक्रम अन्तर्गत ५ वटा मेसिन रु.२२,०००।- को दरले यामटी एग्रो मल्टीप्रपोज प्रा.लि.बाट खरिद गरी वितरण गर्दा रु. ८८,०००।- मात्र पालिकाबाट र बाँकी रु.२२,०००।- उपभोक्ताबाट भुक्तानी हुनुपर्नेमा कार्यालयबाट रु. १,००,०००।- भुक्तानी गरेकोले बढी भुक्तानी सम्बाधितबाट असुल गर्नुपर्ने रु. | १२,००० |
| ४९.२ | ४० | २०७८-१२-२४ | बार्षिक वजेटमा तोकिए अनुसार योजना संचालन गर्नुपर्दछ । तोक्मा आलटोल पम्प सेट खरिदको लागि ५० प्रतिशत अनुदानमा संचालन गर्ने उल्लेख भएकोमा पाण्डव इलेक्ट्रोनिक्सवाट १ थान ४.५ एच.पि. को पम्पसेट रु.७५,०००।- मा खरिद भएको विल अनुसार ५० प्रतिशत रु.३७,५००।- भुक्तानी गर्नुपर्नेमा रु.५०,०००।- भुक्तानी गरेकोले वढी भुक्तानी रु.१२,५००।- असुल हुनुपर्ने रु. | १२,५०० |
| ५० | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७८ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सूचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन । बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ५३४ जनालाई रोजगारी उपलव्ध गराई रु.३,१२,४१,५६३.०० खर्च गरेको मध्ये ज्यालामा रु.२,९८,८१,०००.०० गरेको छ । लक्षित वर्गलाई औषत १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनीक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी श्रृजना र सूचीकृतको बैकल्पिक उपयोग मार्फत रोजगार श्रृजना भएको देखिंदैन । यसमा सुधार गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५१</td><td></td><td></td><td>मुख्यमन्त्री रोजगाक कार्यक्रमः<br>सामग्री खरिद : मुख्यमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि, २०७८ दफा ७ अनुसार कार्यक्रम संचालन गर्दा श्रमिकको ज्याला तथा सामग्रीको लागत अनुपात अनुसुची-५ वमोजिम हुने उल्लेख छ । अनुसुची ५ मा सामग्री खरिद अधिकतम ७० प्रतिशत सम्म खर्च गर्न सकिनेमा पालिकाले शत प्रतिशत खरिदमा खर्च गरेको नियम सम्मत नदेखिएको रु.<br>
<table>
<tr><th>सि नं</th><th>योजना</th><th>सप्लायर्स</th><th>खर्च रकम</th></tr>
<tr><td>१</td><td>कर्णाली उज्यालो कार्यक्रम तुसारे पैधेरो जलविद्युत आयोजनाको लागि विद्युत सामग्री खरिद</td><td>गौतम इनर्जि इन्जिनियरिङ्ग प्रा लि</td><td>४९९४८३</td></tr>
<tr><td>२</td><td>खमारी खोला जलविद्युत आयोजनाको लागि विद्युत संरचना निर्माण</td><td>एप्रोप्रीएड इन्जिनियरिङ बुटवल</td><td>९९९५००</td></tr>
<tr><td>३</td><td>दुघ डेरीमा आवश्यक सोलार खरिद</td><td>पंचपुरी उर्जा सप्लायर्स सुर्खेत</td><td>९९५०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२४९३९८३</td></tr>
</table></td><td>२,४९३,९८३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५२</td><td></td><td></td><td>

**रितपूर्बकको कर बिजकः**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले रित पूर्कक्को कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु.५,६९,११९.०० समेत रु.४९,३३,७३४.०० सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसायीले रितपूर्वकको कर बीजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

<table>
<tr><th>शिर्षक</th><th>गोभौनं./मिति</th><th>कार्यक्रम</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>कर विजकको अवस्था</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th></tr>
<tr><td></td><td>२०।०७९।३।१९</td><td></td><td>ग्रामिन विकास सेवा केन्द्र</td><td>३०१७३७४६३</td><td>विजक नं ११ हातले लेखेको</td><td>१००६३५</td><td>१३०९०</td></tr>
<tr><td>प्रदेश सशर्त</td><td></td><td>चौरावन लायकाने विउरेनी सडक</td><td>बराह निर्माण सेवा</td><td></td><td>विजक उल्लेख नभएको</td><td>२३११९००</td><td>२६५९८०</td></tr>
<tr><td></td><td></td><td>कालापानी बरेचे उलनि सडक</td><td>बराह निर्माण सेवा</td><td></td><td>विजक उल्लेख नभएको</td><td>२५२११९९</td><td>२९००४९</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>४९३३७३४</td><td>५६९११९</td></tr>
</table>

</td><td>५६९,११९</td></tr>
<tr><td>५३</td><td></td><td></td><td>

**सडक वोर्डः**

सार्वजनिक खरिद निमयावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिलाई दिएको कार्यको भुक्तानी गर्दा सम्झौता अनुसार खर्च भएको विल भर्पाई तथा मुल्यांकनको आधारमा अनुपातिक कट्टा गरी भुक्तानी गर्नुपर्दछ । श्री जामु राग विद्यापुर सडक मर्मत गर्न पालिकाले रु.५९,६७,९८०।- लागत अनुमान भएको कार्यमा सडक वोर्डवाट रु.३५,००,०००।- नगरपालिकावाट रु.१३,४६,८६६।- तथा लाभग्राही सामुदायले रु.११,७१,११४।- व्यहोर्ने गरी सम्झौता भएको देखिन्छ । उक्त कार्य लाभग्राही सामुदायले गराई भुक्तानी गरेको छ । साथै प्राविधिकले तयार पारेको विल तथा दर विश्लेषन अनुसार ग्राभेल २९९३ घ.मी. र Sub drain in BSM २१४२ घ.मी. कार्य गर्न मेसिन वापतको रु.५५,२२,९७६।- तथा ज्यालामा रु.१,५१,९८६।- खर्च हुने देखिएकोमा उक्त कार्य उपभोक्ता समितिले विराज एण्ड जयन्ती कन्स्ट्रक्सन प्रा. लि.सँग रु. ४३,८८,२१३।- मा गराएको देखिएकोले घटीमा कार्य गराई वढी भुक्तानी भएको रु.११,३४,७६३।- को पालिकाले व्यहोर्ने ८५ प्रतिशतले रु.९,६४,५४८।- वढी भुक्तानी भएको रकम सम्वन्धितवाट असुल हुनुपर्ने रु

</td><td>९६४,५४८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **प्रशासनिक भवन निर्माणः** पालिकाले प्रशासनिक भवन निर्माण गर्न मिति २०७५ कार्तिक १६ मा रोयल कन्स्ट्रक्सनसँग रु.५,९६,२२,४५७।७४ मा सम्झौता भएकोमा भेरिएसन गरि सम्झौता रकम रु.७,१७,८८,९११।०२ कायम भएको छ । उक्त निर्माण कार्यको यस वर्ष आठौ रनिङ्ग विल रु.१,४७,६२,४३३।०० तथा नवौ रनिङ्ग विल रु.९३,४३,५९२।९४ गरि कुल रु.२,४१,०६,०२५।९४ भुक्तानी भएको छ । सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन । | |
| ५४.१ | | | **प्रोभिजन सम भुक्तानी :** निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार प्रोभिजन सम आईटमको भुक्तानी गर्दा तोकिए वमोजिमको कार्य भएको प्रमाण तथा विल भरपाई पेस हुनुपर्दछ । पालिकाले प्रशासकीय भवनको निम्न आइटमको भुक्तानी गर्दा विल भर्पाई पेस नभएकोले प्रमाण पेस हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | ३९५,५०० |

| सि नं | खर्च आइटम | व्यवस्था | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | विमा - मेटेरियल | LS | २००००० | |
| २ | विमा - तेस्रो पक्ष | LS | २५००० | |
| ३ | ल्याव टेस्ट | LS | १००००० | ल्याव रिपोर्ट पेश नभएको |
| ४ | एज विल्ट ड्रईङ | LS | १००००० | एज विल्ट ड्रईङ पेश नभएको |
| | मुल्य अभिवृद्धि कर | | ४५५०० | मुल्य अभिवृद्धि कर समेत भुक्तानी भएको |
| | जम्मा | | ३९५५०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४.२ | | | **वढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ वमोजिम प्राविधिक नाँपजाच गरी नापी किताव ( मेजरमेन्ट वुक ) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा रनिङ्ग विल वीजक भुक्तानी गर्नुपर्दछ । पालिकाको प्रशासकीय भवनको हालसम्म नवौ रनिङ्ग विलसम्म रु.७,३५,८१,०१५।४१ भुक्तानी गरेकोमा प्राविधिकले तयार गरेको नवौ विल अनुसार हालसम्मको कार्य रु.७,०४,०६,०१५।४१ मुल्यांकन गरेकोले उक्त निर्माणको मुल्यांकन भन्दा रु.३१,७५,०००।- वढी भुक्तानी भएकोले असुल हुनुपर्ने रु. | ३,१७५,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४.३ | | | **वढी भुक्तानी** : निर्माण कार्यको सम्झौता वमोजिम भएको कार्यको नाम जाँच गरी भुक्तानी गर्नुपर्दछ । प्रशासकीय भवनको आठौ रनिङ्ग विल भुक्तानी गर्दा २ coats of weather coat painting (External) followed by wall putty को १,६१४.७३ वर्ग मिटरको रु.१७५।- को दरले रु.२,८२,५७७।९७ भुक्तानी गरेकोमा उक्त भवनको wall putty नगरी पेन्ट गरेको देखिएकोले wall putty वापतको रकम कट्टा गर्नुपर्नेमा सम्झौता वमोजिम सम्पूर्ण रकम भुक्तानी भएकोले wall putty वापत रकम एकिन गरी असुल हुनुपर्ने रु | २८२,५७७ |
| ५५ | | | **हाँसेगाँउ खानेपानी आयोजना निर्माणः**<br>हाँसेगाँउ खानेपानी योजनाको रु.१,६३,३२,०५९।८६ लागत अनुमान भएकोमा २०७८।०३।२० भित्र रु. १,०८,०६,८७७।- मा कार्य सम्पन्न गर्नेगरी निर्माण व्यवसायी दुर्गा कन्स्ट्रक्सनसँग मिति २०७७।१२।२० मा सम्झौता भएको देखियो। पटक पटक गरि २०७८ चैत्र ३० सम्म म्याद थप भएकोमा लेखापरीक्षण अवधि (२०७९ कार्तिक मसान्त सम्म) उक्त कार्य सम्पन्न नभएको तथा म्याद थप समेत भएको नदेखिएकोले सम्झौता रकमको १० प्रतिशत वा दैनिक ०.०५ प्रतिशत मध्ये न्यूनतम रकम पूर्व निर्धारित क्षतिपूर्ति रकम असूल हुनुपर्ने रु | १,०८०,६८७ |
| ५६ | | | **विद्यापुर बजार कालोपत्रे सडक आयोजनाः**<br>निर्माण व्यवसायी सफल कन्स्ट्रक्सनसँग भएको सम्झौता अनुसार प्रोभिजनल समको भुक्तानी गर्दा विल भरपाई पेस हुनुपर्दछ । पालिकाले सम्झौतामा उल्लेख वीमा वापत भुक्तानी गरेको रु.१ लाखको विल पेस नभएकोले वीमा गराएको भए प्रमाण पेस हुनुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु. | १००,००० |
| ५७ | | | **अधौगिक ग्राम निर्माण आयोजनाः**<br>नगरपालिकाले अधौगिक ग्राम निर्माण गर्न निर्माण व्यवसायी विराज एण्ड जयन्ती कन्स्ट्रक्सन प्रा लि सँग रु.९६,०७,८७०।०० मा सम्झौता गरि कार्य सुरु गरेको सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन । | |
| ५७.१ | | | **वीमा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ (१) खरिद सम्झौता वमोजिम सम्झौता रकमको ११५ प्रतिशत रकमको सम्झौता मिति देखि त्रुटि सच्याउने अवधि सम्मको हानि नोक्सानी व्यहोर्ने गरी वीमा गराउनुपर्दछ । उक्त कार्यको सम्झौता मिति २०७७।१२।३० देखि म्याद थप समेत २०७८।९।२० सम्म भए अनुसार रु.१,१०,४९,०५०।- को २०७९।१०।३० सम्मको वीमा पेस हुनुपर्नेमा निर्माण व्यवसायीले २०७७ जेठ १९ देखि २०८० वैषाख १८ सम्मको रु.७,००,०००।- को मात्र वीमा पेस गरेकोले भुक्तानी भएको रु. १ लाखको दामासाहिले रु.९३,६६०।- असुल/फिर्ता हुनुपर्ने रु. | ९३,६६० |
| ५७.२ | | | **लमसम आइटम :** निर्माण सम्झौता अनुसार लमसम आइटम भुक्तानी गर्दा कार्य भएको प्रमाण पेस हुनुपर्दछ । पालिकाले सम्झौतामा उल्लेख Control dust nuisances by sprinkling water as required an instructed by the engineer वापत भुक्तानी गरेको रु.७५,०००।- भुक्तानी भएकोमा उक्त कार्य भएको प्रमाण पेस हुनुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने रु | ७५,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७.३</td><td></td><td></td><td>पि.एस. आइटम भुक्तानी – निर्माण सम्झौता अनुसार पि.एस आइटम भुक्तानी गर्दा विल भरपाई पेश हुनुपर्दछ । पालिकाले सम्झौतामा उल्लेख रोड सेफ्टि मेजर्स वापत भुक्तानी गरेको रु.१ लाखको विल पेश नभएकोले उक्त रकम असूल गर्नुपर्ने रु.</td><td>१००,०००</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>प्रदेश समपुरक अनुदानः</td><td></td></tr>
<tr><td>५८.१</td><td></td><td></td><td>सहभागिताः कर्णाली प्रदेश समपुरक अनुदान सम्वन्धी कार्यविधि, २०७५ को अनुसूची ३ मा समपुरक अनुदान व्यहोर्ने अनुपात अनुसार सडक निर्माणमा प्रदेश सरकारले ६० प्रतिशत तथा नगरपालीकाले ४० प्रतिशत रकम खर्च गर्नुपर्ने उल्लेख छ । पालिकामा संचालन भएको ३ योजनामा २ ठेक्काको प्रथम रनिङ्ग विल रु.५३,२८,९३०।- भुक्तानी भएको छ । पालिकाले योजनाको प्रथम रनिङ्ग विल पेश भए अनुसार शत प्रतिशत रकम प्रदेश समपुरक अनुदानवाट भुक्तानी भएको देखिएकोले नियम अनुसार पालिकाले व्यहोर्नुपर्ने ४० प्रतिशत रकम प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने रु.</td><td>२,१३१,५७२</td></tr>
<tr><td>५८.२</td><td></td><td></td><td>कोटेशन मार्फत खरिदः समपुरक अनुदानवाट निर्माण हुने आयोजना बोलपत्रको माध्यमवाट ठेक्का गरी पालिकाले निर्माण कार्य गर्नुपर्दछ । पालिकामा निम्न ३ योजना निर्माणको लागि प्राप्त समपुरक अनुदान पालिकाले बोलपत्र गर्दा बोलपत्रमा घटी कवोल भएकोले बचत भएको रकम पालिकाले प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्नेमा कोटेशन मार्फत कार्य गराई खर्च लेखेको देखिएकोले उक्त रकम नियम सम्मत नदेखिएको रु.
<table>
<tr><th>सि नं</th><th>कार्यक्रमको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>चतुरे दह ताल जाजुरा सडक</td><td>३५५०८५४</td></tr>
<tr><td>२</td><td>चौर लामकाने विउरानी सडक</td><td>२४३९४४५</td></tr>
<tr><td>३</td><td>कालापानि -बरैचे- चलनि सडक</td><td>३९५४५५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९९४४८४९</td></tr>
</table></td><td>९,९४४,८४९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८.३ | | | **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने र २० लाख भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ भने पालिकाले प्रदेश शसर्त तथा समपुरक अनुदान खर्च शीर्षकबाट निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई निम्नानुसार रु.९९,६२,६९३।- को सोझै खरिद गरेको देखियो । वोलपत्र मार्फत निर्माण कार्य संचालन गरेको उल्लेखित ३ योजनाको सम्झौता ४८ प्रतिशतसम्म घटीमा कार्य भएकोमा उक्त शीर्षकमा बोलपत्र गर्दा बचत भएको रकम कोटेशन मार्फत खरिद कार्य गर्दा लागत अनुमान हाराहारीमा खरिद भएको देखिन्छ । यसरी प्रतिस्पर्धा वेगर खरिद कार्य गरेको नियम सम्मत देखिदैन । | |

| सि नं | योजनाहरु | निर्माण व्यवसायी | खर्च रकम |
|---|---|---|---|
| १ | चौर लामकाने विउरानी सडक | नविन एण्ड चन्द्रा निर्माण सेवा | ९८५६०४ |
| २ | चतुरे दह ताल जाजुरा सडक | सफल कन्सट्रक्सन | ९९८३५५ |
| ३ | | भण्डारी निर्माण सेवा | ९८९३५५ |
| ४ | | चेतन एण्ड सुजन कन्स्ट्रक्सन प्रा लि | ९९८३५५ |
| ५ | | सुदर्शन निर्माण सेवा | ९९७३२८ |
| ६ | | सत्यवती निर्माण सेवा | ९९८३५५ |
| ७ | खम्वागाडे वाटो मर्मत | भण्डारी निर्माण सेवा | ९९९१४६ |
| ८ | निमारे तोरीवारी भक्तडी दोवाटो सडक | चेतन एण्ड सुजन कन्स्ट्रक्सन | ९९८३५५ |
| ९ | चनाली निमारे भक्तडी दोवाटो सडक | एम. एम. कन्स्ट्रक्सन | ९९८९२० |
| १० | बरैचे तोरीबारी भक्तडी दोवाटो | सुवल कन्स्ट्रक्सन कम्पनी प्रा लि | ९९८९२० |
| | जम्मा | | ९९६२६९३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८.४ | | | **सीमा भन्दा वढीको सोझै खरिदः** सोझै खरिद कार्य गर्दा एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुनेमा सि नं ३ र ७ तथा ४ र ८ का एउटै निर्माण व्यसायीबाट पटक पटक निर्माण कार्य गराएको एवं चतुरे दह ताल जाजुरा सडक टुक्रा पारी काम गरेको नियमसम्मत नदेखिएको रु | ३,९८५,२११ |

| सि नं | योजनाहरु | निर्माण व्यवसायी | खर्च रकम |
|---|---|---|---|
| २ | चतुरे दह ताल जाजुरा सडक | सफल कन्सट्रक्सन | ९९८३५५ |
| ३ | | भण्डारी निर्माण सेवा | ९८९३५५ |
| ४ | | चेतन एण्ड सुजन कन्स्ट्रक्सन प्रा लि | ९९८३५५ |
| ५ | | सुदर्शन निर्माण सेवा | ९९७३२८ |
| ६ | | सत्यवती निर्माण सेवा | ९९८३५५ |
| ७ | खम्वागाडे वाटो मर्मत | भण्डारी निर्माण सेवा | ९९९१४६ |
| ८ | निमारे तोरीवारी भक्तडी दोवाटो सडक | चेतन एण्ड सुजन कन्स्ट्रक्सन | ९९८३५५ |
| | जम्मा | | ६९७९२४९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८.५ | | | **शीर्षक फरकः** समपुरक अनुदान अन्तर्गत तोकिएको आयोजनामा खर्च गरी वाँकी रहेको रकम सम्वन्धित निकायमा निकासा फिर्ता गर्नुपर्दछ । प्रदेश समपुरक अनुदान अन्तर्गत चतुरे दह ताल जाजुरा सडक को रु.३०१६५९०।- शसर्त तर्फको विद्यापुर बजार कालोपत्रेको र कालापानी बरैचे सडकको भुक्तानी गरेको छ । शसर्त तथा समपुरक शीर्षकमा प्राप्त अनुदान सोही योजनामा खर्च गरी बचत रकम फिर्ता गर्नुपर्नेमा अन्य योजनामा खर्च गरेकाे देखिएकोले उक्त रकम फिर्ता गर्नुपर्ने रु. | ३,०१६,५९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख :**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत के कति रकम कट्टी गरेको सोको हिसाव राखेको देखिएन । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ६० | | | **कार्य सम्पन्न प्रतिवेदनः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | |
| ६१ | | | **सबकन्ट्र्याक्टः**<br>सार्वजनिक खरिद निमयावली, २०६४ को नियम ९७ (१३ क) वमोजिम उपभोक्ता समितिलाई दिएको कार्यमा कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराएको पाइएमा उक्त समितिसंग सम्झौता रद्ध गरी सो कार्य गर्ने निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गर्ने गरी सम्झौता गरेकोमा सो कार्य महत एण्ड बुढाथोकी कन्स्ट्रक्सन प्रा.लि.वाट भएको देखिएकोले उक्त कार्य सव कन्ट्याक्टरबाट गराएको देखिन्छ । उपभोक्ता समितिले निर्माण व्यवसायीवाट कार्य गराउदा नियमावली बमोजिम कारवाही नगरी मुल्यांकन गर्ने प्राविधिक तथा भुक्तानी दिनेलाई जिम्मेवारी बनाउनु पर्दछ । साथै उपभोक्ता समितिको कार्य सव कन्ट्याक्टरमा गर्ने निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नुपर्दछ . | |
| ६२ | | | **गुणस्तर परीक्षणः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ६३ | | | **अधौगिक ग्राम सडक निर्माणः** पालिकाले अधौगिक ग्राम सडक निर्माण गर्न रु.५६,७४,५९५।३२ लागत अनुमान भएको निर्माण कार्यमा लाभग्राहीले रु.८,७४,५९५।०० व्यहोर्ने गरि लाभग्राही सामुदायसँग सम्झौता गरि निर्माण कार्य गरेको सम्वन्धमा देखिएकोको व्यहोरा निम्नानुसार छन । | |
| ६३.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिलाई दिएको कार्यको भुक्तानी गर्दा सम्झौता अनुसार खर्च भएको विल भर्पाई तथा मुल्यांकनको आधारमा अनुपातिक कट्टा गरी भुक्तानी गर्नुपर्दछ । लाभग्राही सामुदायवाट सडक निर्माण गर्ने गरी प्राविधिकले तयार पारेको विल तथा दर विश्लेषण अनुसार ग्राभेल २९९३ घ.मी. र Sub drain in BSM २१४२ घ.मी. कार्य गर्न मेसिन वापतको रु.५५,२२,९७६।- तथा ज्यालामा रु.१,५१,९८६।- खर्च हुने देखिएकोमा उक्त कार्य उपभोक्ता समितिले विराज एण्ड जयन्ती कन्स्ट्रक्सन प्रा. लि.सँग रु. ४३,८८,२१३।- मा गराएको देखिएकोले घटीमा कार्य गराई वढी भुक्तानी भएको रु.११,३४,७६३।- को पालिकाले व्यहोर्ने ८५ प्रतिशतले रु.९,६४,५४८।- वढी भुक्तानी भएकोले असुल हुनुपर्ने रु | ९६४,५४८ |
| ६३.२ | | | **अधौगिक ग्राम निर्माण :** आयोजनाकालागि प्राप्त भएको रकम सोही कार्यमा खर्च हुनुपर्नेमा पालिकाले अधौगिक ग्राम निर्माणका लागि प्राप्त रकम ठेक्का गरी वचत भएकोमा सम्वन्धित निकायलाई फिर्ता गर्नुपर्नेमा सडक निर्माण गर्न उपभोक्ता समिति मार्फत खर्च गरेको देखिएकोले उपभोक्ता समिति मार्फत कार्य गरी रु.४८,५०,०००।- खर्च गरेकोले नियम सम्मत नदेखिएको रु | ३,८८५,४५२ |
| ६४ | | | **प्रदेश तथा स्थानीय शासन सहयोगः** | |
| ६४.१ | | | भेरी र कर्णाली नदीमा र्‍याफ्टिङ्ग व्यवसायको लागि पूर्वाधार निर्माण गर्न २ उपभोक्ता समितिमार्फत टिकट काउण्टर, रिटेनिङ्ग वाल लगायत संरचना निर्माणमा खर्च गरी रु. ४१,१६,२२०।- खर्च गरेकोमा वातावरणीय प्रभाव मुल्याङ्कन तथा डिपपिआर प्रतिबेदन प्राप्त गर्नुभन्दा अगाडि नै निर्माण कार्य संचालन गरी खर्च लेखेको नियमसम्मत देखिदैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४.२ | | | **वातावरणीय प्रभाव मूल्यांकनः** प्राकृतिक वातावरणमा असर गर्ने निर्माण कार्य गर्दा सो कार्यको वातावरणीय प्रभाव मूल्यांकनको अध्ययन गरी सोको प्रतिवेदन प्राप्त भए पश्चत पूर्वाधार निर्माण गर्नुपर्दछ । पालिकाले भेरी कर्णाली र्‍याफ्टिङ्ग परियोजना संचालनको लागि वातावरणीय प्रभाव मूल्यांकनको अध्ययन गर्न परामर्शदाता आरभी इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टरसँग सम्झौता गरी रु.९,९४,४००।- भुक्तानी गरेको देखियो । परामर्शदाताले सोको प्रतिवेदन मिति २०७९।३।२४ गते पेस गरेकोमा पालिकाले प्रतिवेदन पेस हुनुपुर्व नै निर्माण कार्य गराएकोले उक्त परामर्श खर्चको औचित्य छैन । निर्माण गर्नुपूर्व गरिने अध्ययन निर्माण सुरु भइसकेपछि गरेको खर्च भुक्तानी सिफारिस गर्ने र भुक्तानी दिने दुवैलाई जिम्मेवार बनाउनु पर्दछ । | |

| भौचर नं र मिति | योजनाको नाम | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| २-०७९।३।२५ | भेरी कर्णाली र्‍याफ्टिङ्ग परियोजनाको वातावरणीय प्रभाव मूल्यांकन | आरभी इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टर | ९९४४०० |
| ४-०७९।३।२५ | र्‍याफ्टिङ्ग व्यवसायका लागि पूर्वाधार निर्माण | उपभोक्ता समिति | १७४१२२९ |
| ६-०७९।३।२५ | र्‍याफ्टिङ्ग व्यवसायका लागि पूर्वाधार निर्माण | उपभोक्ता समिति | २३७४९९१ |
| | जम्मा | | ५११०६२० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **सफ्टवेयर खरिदः** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले कन्टिजेन्सी कोषबाट तलब हिसाब खाता व्यवस्थापन प्रणाली सम्बन्धी सफ्टवेयर खरिद गरी रु.३,६२,५००।- खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्ने पर्दछ । | |
| ६६ | | | **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७ | | | **फर्माको दरः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार लाभग्राही सामुदायसँग निर्माण कार्य गराई भुक्तानी गर्दा प्राविधिकले नाँपजाच गरी तोकिएको दरमा भुक्तानी गर्नुपर्दछ । पालिकाले चौरखोला सिमखेत शेर सिंचाइ कुलो निर्माणको लागि लागत अनुमान रु.६,०८,४६५।- भएकोमा नगरपालिकाले ५ लाख व्यहोर्ने गरी उपभोक्ता समितिसंग सम्झौता भएको देखियो । उक्त निर्माण कार्यमा प्रयोग भएको फर्मा प्रति वर्ग मिटर रु.५०२।- का दरले ६४.७५ वर्ग मिटर को रु.३२,५०४।५० भुक्तानी हुनुपर्नेमा रु.५,०२०।- का दरले रु.३,२५,०४५।- भुक्तानी भएकोले वढी भुक्तानी भएको रु.२,९२,५४०।- असुल हुनुपर्ने रु. | २९२,५४० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | **सामान खरिदः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ वमोजिम विल भरपाई सहित लेखा राख्नुपर्दछ । पालिकाले निम्नानुसार खानेपानी तथा सिंचाइको पाईप खरिद गरेकोमा उक्त सामाग्री वितरण तथा जडान भएको नदेखिएकोले पाईप जडान भएको प्रमाण पेस हुनुपर्ने रु. | १,०८९,४५८ |

| भौ नं र मिति | योजनाको नाम | विवरण | रकम |
|---|---|---|---|
| ११२-०७९।३।६ | खानेपानीको पाइप खरिद | २०mm को४५५४ miter<br>२५mm को२००० miter<br>३२mm को१५०० miter | ४९९९९३ |
| | ३ नं वडा कार्यालय<br>सिचाई पाइप खरिद | ५०mm को१५०० miter | १४९९९१ |
| | ७ नं वडा कार्यालयमा खानेपानी मर्मतका लागि पाइप खरिद | २०mm को१०३६ miter<br>२५mm को१००० miter<br>३२mm को ३०० miter | १३९९९९ |
| | ७ नं वडा कार्यालय<br>खानेपानी पइप खरिद | २०mm को६९४ miter<br>२५mm को८०० miter<br>३२mm को ९०० miter | १८४९९९ |
| १३३-०७९।३।७ | मुगेपानी र झाँक्रीयन पाइप लाइन निर्माण | विभिन्न | ९८१६६ |
| १९२-०७९।३।२३ | पाइप खरिद | २०mm को३४८ miter | १६३१० |
| | | | १०८९४५८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९ | | | **भेरी कर्णाली दोभान तटबन्धः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार लाभग्राही सामुदायसँग निर्माण कार्य गराई भुक्तानी गर्दा प्राविधिकले नाँपजाच गरी तोकिएको दरमा भुक्तानी गर्नुपर्दछ । पालिकाले भेरी कर्णाली दोभान तटबन्ध निर्माणको लागि लागत अनुमान रु.२३,७८,८२८।- भएकोमा नगरपालिकाले रु.२०,०५,५७६।- व्यहोर्ने गरी उपभोक्ता समितिसंग सम्झौता भएको देखियो । उक्त निर्माण कार्यमा प्रयोग भएको ग्याविन जालीको लागि मेस वायर जिल्ला दररेट अनुसार १०९ को मुल्य अभिवृद्धि कर समेत रु.१२३।- ले दर विश्लेषण गर्दा प्रति जाली रु.३८६७।०३ हुनुपर्नेमा रु.४३०५।१३ का दरले भुक्तानी भएकोले २३८ जालीको रु.४३८।१० का दरले रु.१,०४,२६६।- वढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु. | १०४,२६६ |
| ७० | | | **कार्यसम्पन्न वेगर भुक्तानीः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियमा ११७ वमोजिम सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्यको स्वीकार गर्दा सोको प्रतिवेदन तयार गर्नुपर्दछ । नगरपालिकाले विद्यापुर माध्यमिक विद्यालयको अधुरो भवन निर्माणको लागि लागत अनुमान रु.११,२५,०५९।- भएको कार्यमा पालिकाले ९,६०,०००।- व्यहोर्ने गरी सम्झौता भएको देखिन्छ । उक्त भवनको स्थलगत अनुगमन गर्दा (मिति २०७९।७।२२ गते सम्म) कार्य नभएको अवस्थामा समेत कार्य सम्पन्न प्रतिबेदन तयार गरी भुक्तानी गरेको देखिएकोले यसरी निर्माण कार्य नभएको भवनको मुल्यांकन गर्ने तथा कार्य सम्पन्न तयार पार्ने प्राविधिक कर्मचारीलाई जवाफदेहि वनाउनुपर्दछ । साथै निर्माण गरी उक्त भवनको वास्तविक कार्यसम्पन्न भएको फोटो सहित प्रतिवेदन पेस गर्नुपर्ने रु. | ९६०,००० |
| ७१ | | | **लागत सहभागिताः**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गर्ने गरेको छैन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ७२ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नाँपजाच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेस गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ्ग नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नाँपजाचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७३</td><td></td><td></td><td>सव कन्ट्याक्टर वाट कार्य गराएकोः</td><td></td></tr>
<tr><td>७३.१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१३क) अनुसार उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरवाट गराउने सुचना प्राप्त भएपछि समितिसँग सम्झौता तोडी वाँकी ऐन र नियमावली अनुसार गराउनुपर्ने उल्लेख छ । पालिकाले निम्न उपदफामा उल्लेखित उपभोक्ता समितिलाई दिएको कार्यको लागत अनुमान शत प्रतिशत मेसिनवाट गर्ने गरि तयार गरेको र उपभोक्ताले उक्त कार्य निर्माण व्यवसायीवाट गराई कर वीजक पेश गरेको देखिएकोले नियमावलीमा भएको व्यवस्था विपरित पालिकाको सहमतिमा भएको देखिएको जिम्मेवार पदाधिकारीलाई जवाफदेही वनाउनुपर्दछ । नियमावली विपरित भएको कार्य नियम सम्मत नदेखिएको रु</td><td>१४,१०६,९५३</td></tr>
<tr><td>७३.२</td><td></td><td></td><td>वढी भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निमार्ण व्यावसायी वा सब-कन्ट्र्याक्ट्ररबाट गराउन सकिने छैन भन्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले पालिकासंग संझौता गरी बाटो बनाउने, फिल्ड निमार्ण गर्ने जस्ता काम आफै नगरी देहायका निमार्ण व्यवसायीबाट काम गराएको देखियो । साथै पालिकाले तयार गरेको कार्य बिल एवम् कार्य सम्पन्न प्रतिवेदनमा उपभोक्ताले श्रम प्रयोग गरेको देखिन आएन । सम्झौता अनुसार वास्तविक खर्चको लाभग्राहीले व्यहोर्ने अनुपातको रकम उपभोक्ताले व्यहोर्नुपर्नेमा उपभोक्ताको अंश कट्टी नभएको हुदा उपभोक्ताको अनुपातिक कट्टी गरी उपभोक्ताको अंश रकम असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>सिनं</th><th>भौचर</th><th>योजनाको नाम</th><th>लागत अनुमान</th><th>सम्झौता वमोजिम पालिकाले व्यहोर्ने</th><th>निर्माण व्यवसायी</th><th>विल रकम</th><th>भुक्तानी हुनुपर्ने</th><th>भुक्तानी भएको</th><th>वढी भुक्तानी</th></tr>
<tr><td>१</td><td></td><td>बाबियाचौर माझगाउ विद्यापुर सडक मर्मत</td><td>५०८००७२६</td><td>४२८५७१४</td><td>दुर्गा कन्स्ट्रक्सन सुर्खेत</td><td>३६६००४६</td><td>३१११०३९</td><td>४१०१३९४</td><td>९९०३५५</td></tr>
<tr><td>२</td><td></td><td>नर्सरी बच्छि चम्रि तरङ्गा सडक</td><td>३४१०६५२</td><td>२८८००००</td><td>सफल कन्स्ट्रक्सन</td><td>२८७४०४२</td><td>२४४२९३५</td><td>२८३९९४२</td><td>३९७००७</td></tr>
<tr><td>३</td><td>१९</td><td>पैसरा धनबोरा सडक मर्मत</td><td>७१५१४२</td><td>५७६००००</td><td>देवकी निर्माण सेवा</td><td>३५१०९६</td><td>२८२७८४</td><td>५४९५४५</td><td>२६६७६१</td></tr>
<tr><td>४</td><td>६३</td><td>बिच्छीखेत खोलिखेत हुदै समैचे सडक कटिङ्ग</td><td>५६८५१५</td><td>४८००००</td><td>शुभ आशिर्वाद कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि</td><td>४३४५००</td><td>३६९३२५</td><td>४५९८००</td><td>९०४७५</td></tr>
<tr><td>५</td><td>८</td><td>श्री कमल तिमिल्सेना घर देखि डाव सिरान</td><td>८८७०</td><td>७६८०००</td><td>दुर्गा कन्स्ट्रक्सन</td><td>४८४४</td><td>४२१५</td><td>७३६७</td><td>३१५</td></tr>
</table></td><td>३,२३७,६६५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २ | ग्राभेल | ५४ | | | ९८ | १३ | २५ | २१२ | |
| | | | ६ | ९८ | खुम ब खड्का मार्ग ग्राभेल | ९११२५४ | ७६८००० | दुर्गा कन्स्ट्रक्सन | ६९१४९७ | ५८७७७२ | ७२९६०० | १४१८२८ | |
| | | | ७ | | सम्नी जंगलाघाट सडक निर्माण | ५७९६०९ | ४८०००० | एम.एस.एस.कन्स्ट्रक्सन | ३९५०00 | ३३५७५० | ४५६००० | १२०२५० | |
| | | | ८ | १६५ | जामु खेलकुद फिल्ड निर्माण | ८२६१२८ | ७००००० | विराज एण्ड जयन्ती कन्स्ट्रक्सन कम्पनी प्रा लि | ६०७३७५ | ५१६२६८ | ६७०५५४ | १५४२८६ | |
| | | | ९ | १६७ | खोरबारे देखि सानो पावर हाउस सम्म सडक | ५६७८६३ | ४८०००० | शुभ आशिर्वाद कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ४३४५०० | ३६९३२५ | ४७७९०४ | १०८५७९ | |
| | | | १० | १८१ | माझिगाँउ दुलालथाई स्कुलको खोल्साको लागि जालि भर्न र भित्रि सडक ग्राभेल | ७९०६११ | ६७२००० | नेहा एण्ड नन्दा कन्स्ट्रक्सन | ५७०९९५ | ४८५३४५ | ६७१९९० | १८६६४५ | |
| | | | ११ | | सिद्धेश्वरी मा वि दहसान्ने फिल्ड निर्माण | ११५३७४७ | ९६०००० | नेत्र एण्ड नन्दा कन्स्ट्रक्सन | ८३२१६० | ७०७३३६ | ९४७६७५ | २४०३३९ | |
| | | | १२ | १९९ | मुरमुरी सडक निर्माण उ स | ५७१४०९ | ४८५००० | नेत्र एण्ड नन्दा कन्स्ट्रक्सन | ४३५७२८ | ३७०३६८ | ४७९८०० | १०९४३२ | |
| | | | १३ | २१९ | रावत चोकदेखि समूह प्रा वि जाने वाटो | ७९८६७६ | ७००००० | विराज एण्ड जयन्ती कन्स्ट्रक्सन कम्पनी प्रा लि | ५८००२९ | ५०८३६६ | ५३१०२४ | २२६५८ | |
| | | | १ | २ | भक्तडि धनबोट सडक निर्माण | ५७७४ | ४८०००० | शुभ आशिर्वाद कन्स्ट्रक्सन | ४३४५ | ३६११ | ४५५० | ९३८ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>२६</td><td></td><td>६८</td><td></td><td>एण्ड सप्लायर्स प्रा लि</td><td>००</td><td>६२</td><td>००</td><td>३८</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>१२७८५९६६</td><td>१०८६९२८८</td><td>१४१०६९५३</td><td>३२३७६६५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७४</td><td>४४</td><td>२०७९-३-२५</td><td>
उपभोक्ता समिति मार्फत खरिद कार्य (प्रदेश शसर्त):<br>
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी श्रृजना गर्ने वा लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिएको प्रक्रिया पुरा गरी काम गराउन सकिने व्यवस्था छ । पालिकाले लागत अनुमानको ८५ प्रतिशत भन्दा वढीको खरिद कार्य हुने योजनामा सार्वजनिक खरिद नियमावली अनुसार खुल्ला बोलपत्रमार्फत खरिद गर्नुपर्नेमा उपभोक्ता समिति मार्फत खरिद तथा जडान गरेको नियम सम्मत नदेखिएको रु.
<table>
<tr><th>भौ नं र मिति</th><th>योजना</th><th>लागत अनुमान</th><th>कैफियत</th><th>खरिदमा खर्च</th><th>भुक्तानी</th></tr>
<tr><td>२२१-०७९।३।२५</td><td>राच्जीधारा लिफ्ट खानेपानी मर्मत वडा नं १२</td><td></td><td>उपभोक्ता मार्फत खरिद</td><td></td><td>१९३८०००</td></tr>
<tr><td></td><td>नार्सि लिफ्ट सिचाइ योजना</td><td>३२६४३६४</td><td>कालिका सोलार एण्ड आई टी प्रा ली</td><td>२७८५९९०</td><td>२८८००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>४८१८०००</td></tr>
</table>
</td><td>४,८१८,०००</td></tr>
<tr><td>७५</td><td></td><td></td><td>
महंगी भत्ताः<br>
अर्थ मन्त्रालयको मिति २०७९।०१।२१ को संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई लेखेको पत्रमा महंगी भत्ता सम्बन्धमा कुनै पनि कानूनी व्यवस्था भएको नपाइएकोले करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने व्यहोरा उल्लेख गरेको छ । पालिकाले देहायबमोजिम करार संझौता अन्तर्गत कार्यरत कर्मचारीलाई महंगी भत्ता भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल गरी दाखिला गर्नेपर्ने रु
<table>
<tr><th>क्र.स.</th><th>कर्मचारीको नाम थर</th><th>पद/तह</th><th>महङ्गि भत्ता</th><th>कैफियत</th></tr>
</table>
</td><td>१,५३६,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | श्री नरेन्द्र भण्डारी | इन्जिनियर | २४००० | नपा करार | | |
| | | | | २ | श्री हर्क बहादुर बयक | क.अ. | २४००० | नपा करार | | |
| | | | | ३ | श्री यामराज जोशी | खा.पा.स.टे | २४००० | नपा करार | | |
| | | | | ४ | श्री समीक्षा रावत | नेत्र सहायक | २४००० | नपा करार | | |
| | | | | ५ | श्री डिल्ली अधिकारी | अ.स.ई | २४००० | नपा करार | | |
| | | | | ६ | श्री उजेश बहादुर शाहि | ल्या.अ./चौथो | २४००० | नपा करार | | |
| | | | | ७ | श्री प्रेम जोशी | अमिन | २४००० | नपा करार | | |
| | | | | ८ | श्री नवराज भण्डारी | कार्यालय सहायक | २४००० | नपा करार | | |
| | | | | ९ | श्री नौला सिंह सहकारी बोगटी | कार्यालय सहायक | २४००० | नपा करार | | |
| | | | | १० | श्री टिकाराम खराल | सामाजिक परिचालक | २४००० | नपा करार | | |
| | | | | ११ | श्री सुमित्रा आचार्य | सामाजिक परिचालक | २४००० | नपा करार | | |
| | | | | १२ | श्री कविता सोडारी | सामाजिक | २४००० | नपा करार | | |
| | | | | १३ | श्री प्रतिमा कुमारी पौडेल | सामाजिक परिचालक | २४००० | नपा करार | | |
| | | | | १४ | श्री रुपेन्द्र बहादुर सिंह | हे.स.चा | २४००० | नपा करार | | |
| | | | | १५ | श्री बिर बहादुर बुढा | ह.स.चा | २४००० | नपा करार | | |
| | | | | १६ | श्री प्रशुराम नेपाली | ह.स.चा | २४००० | नपा करार | | |
| | | | | १७ | श्री प्रकाश कुमार न्यौपाने | का.स. | २४००० | नपा करार | | |
| | | | | १८ | श्री कमल तिमिल्सेना | का.स. | २४००० | नपा करार | | |
| | | | | १९ | श्री विन बहादुर रावत | का.स. | २४००० | नपा करार | | |
| | | | | २० | श्री मान बहादुर मर्साङ्गी मगर | का.स. | २४००० | नपा करार | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २१ | श्री भिम बहादुर शाही | का.स. | २४००० | नपा करार | | |
| | | | | २२ | श्री धनिराम बि.क. | का.स. | २४००० | नपा करार | | |
| | | | | २३ | श्री भोवाने कामी | का.स. | २४००० | नपा करार | | |
| | | | | २४ | श्री प्रेम सुनार | का.स. | २४००० | नपा करार | | |
| | | | | २५ | श्री गंगा कंडेल | का.स. | २४००० | नपा करार | | |
| | | | | २६ | श्री रेखा सापकोटा | का.स. | २४००० | नपा करार | | |
| | | | | २७ | श्री टिकाराम ढकाल | का.स. | २४००० | नपा करार | | |
| | | | | २८ | श्री तिब्बत गिरी | प्रा.स. | २४००० | नपा करार | | |
| | | | | २९ | श्री चक्र बास्तोला | ना.प.स्वा.का | २४००० | नपा करार | | |
| | | | | ३० | श्री लक्ष्मी बुचा मगर | स्विपर | २४००० | नपा करार | | |
| | | | | ३१ | श्री दिपक सापकोटा | हे.स.सहयोगी | २४००० | नपा करार | | |
| | | | | ३२ | श्री विमला पाण्डे | आइटि अफिसर | २४००० | आई टि | | |
| | | | | ३३ | श्री लक्ष्मी कडेल | ना प्रा स | २४००० | आयुर्वेद | | |
| | | | | ३४ | श्री भिम बहादुर गौतम | ना प्रा स | २४००० | एक गाउँ एकप्रा | | |
| | | | | ३५ | श्री भावना रावल | ना प्रा स | २४००० | एक गाउँ एकप्रा | | |
| | | | | ३६ | श्री प्रियंका विक | ना प्रा स | २४००० | एक गाउँ एकप्रा | | |
| | | | | ३७ | श्री भरत न्यौपाने | ना प स्वा प्रा | २४००० | एक गाउँ एकप्रा | | |
| | | | | ३८ | श्री ममिता चौधरी | ना प स्वा प्रा | २४००० | एक गाउँ एकप्रा | | |
| | | | | ३९ | श्री दिया थापा | एम.आई.एस.अपरेटर | २४००० | एम आई एस | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ४० | श्री अर्जुन पौड्याल | एम.आई.एस.अपरेटर | २४००० | एम आई एस | | |
| | | | | ४१ | श्री चन्द्रा खान | फिल्ड सहायक | २४००० | एम आई एस | | |
| | | | | ४२ | श्री अनु भण्डारी | उ.वि.स. | २४००० | उद्यमविकास | | |
| | | | | ४३ | श्री लक्ष्मी कुमारी पौडेल | उ.वि.स. | २४००० | उद्यमविकास | | |
| | | | | ४४ | श्रीउर्मिला कुमारी साउद | अ.हे.ब. | २४००० | स्वास्थ्यनपा | | |
| | | | | ४५ | तपेन्द्रसावंद | अ.हे.ब. | २४००० | स्वास्थ्यनपा | | |
| | | | | ४६ | वीरेन्द्रसावद | अ.हे.ब. | २४००० | स्वास्थ्यनपा | | |
| | | | | ४७ | श्री अमृताबि.क. | अनमी | २४००० | स्वास्थ्यनपा | | |
| | | | | ४८ | खगिसराराना मगर | अनमी | २४००० | स्वास्थ्यनपा | | |
| | | | | ४९ | गिताभण्डारी देउवा | अनमी | २४००० | स्वास्थ्यनपा | | |
| | | | | ५० | सतरामीचौधरी | का.स | २४००० | स्वास्थ्यनपा | | |
| | | | | ५१ | रेशमनेपाली | का.स. | २४००० | स्वास्थ्यनपा | | |
| | | | | ५२ | तारा बि.क. | का.स | २४००० | स्वास्थ्यनपा | | |
| | | | | ५३ | श्रीयुवराज भण्डारी | अ.हे.ब. | २४००० | स्वास्थ्यनपा | | |
| | | | | ५४ | श्रीशान्ती राजी | अ.न.मी. | २४००० | स्वास्थ्यनपा | | |
| | | | | ५५ | श्रीअम्बिका कुमारी अधिकारी | अनमी | २४००० | स्वास्थ्यनपा | | |
| | | | | ५६ | विर्मारोकाया क्षेत्री | का.स. | २४००० | स्वास्थ्यनपा | | |
| | | | | ५७ | श्री किशोरढकाल | का.स. | २४००० | स्वास्थ्यनपा | | |
| | | | | ५८ | श्री गोपालप्रसाद कंडेल | का.स. | २४००० | स्वास्थ्यनपा | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ५९ | श्री सन्तोष खरेल | का.स. | २४००० | स्वास्थ्यनपा | | |
| | | | | ६० | श्री बलबहादुर बुढा | का.स.करार | २४००० | स्वास्थ्यसशर्त | | |
| | | | | ६१ | श्री टोपबहादुर बुढा | का.स.करार | २४००० | स्वास्थ्यसशर्त | | |
| | | | | ६२ | श्री जोसनाशाही | का.स.करार | २४००० | स्वास्थ्यसशर्त | | |
| | | | | ६३ | श्री बमबहादुर थापा | का.स.करार | २४००० | स्वास्थ्यसशर्त | | |
| | | | | ६४ | श्री रतुबि.क. | का.स.करार | २४००० | स्वास्थ्यसशर्त | | |
| | | | | | | | १५३६००० | | | |
| ७६ | ४५६ | २०७९-३-१७ | **पदाधिकारी वढी भुक्तानीः**<br>स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ (१) अनुसार अनुसूची १ मा उल्लेख भए बमोजिमको रकममा नबढ्ने गरी सुविधा भुक्तानी गर्नुपर्दछ । पालिकाले पदाधिकारीहरुको २०७८ चैत्र र वैशाखको सुविधा भुक्तानी गर्दा वडा अध्यक्ष श्री शान्तिराज खरालको सुविधा रु.५०,०००।- भुक्तानी गर्नुपर्नेमा रु.७६,०००।- भुक्तानी भएकोले वढी भुक्तानी दिएकोले रकम असुल हुनुपर्ने रु. | | | | | | | २६,००० |
| ७७ | | | **असम्वन्धित स्थानमा भ्रमणः**<br>भ्रमण खर्च नियमावली, २०६४ अनुसार सरकारी कामको सिलसिलामा आफ्नो कार्यालय भन्दा बाहिर भ्रमण वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले भ्रमण खर्च तथा दैनिक भत्ता पाउने उल्लेख छ । नगरपालिकाको वडा नं ६ को जनप्रतिनिधि तथा कर्मचारी कार्यालय कामकाज भनि मुगुको रारा अवलोकन भ्रमण गरी रु.१,५०,०००।- खर्च लेखेको छ । प्रयोजन बेगर भ्रमण खर्च लेख्न नमिल्ने देखिएको रु.. | | | | | | | १५०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ७८ | | | **सामाजिक परिचालकः**<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या ०७४।७५/च. न. ४० (२०७४।१२।१३) को परिपत्रको बुदा नं ४ मा साविकमा उत्कृष्ट कार्य सम्पादन गरेका सामाजिक परिचालकहरु सेवा करारमा काम गर्न नआएमा नयां व्यक्तीलाई कार्यालय सहायक वा सामाजिक परिचालककारुपमा नियुक्त नगर्ने, ०७५ असार मसान्त पश्चात सामाजिक परिचालकको लागि कुनै केन्द्रिय दायित्व नरहने उल्लेख छ । पालिकाले यस वर्ष ४ जना सामाजिक परिचालकलाई मासिक रु. १७,१००/- र महंगी भत्ता रु २,०००।- गरी रु. १०,१७,६००।- भुक्तानी गरेको छ । सामाजिक परिचालक राख्न नपाउने व्यवस्था विपरित सामाजिक परिचालकलाई खर्च लेखेको नियम सम्मत देखिदैन । | |
| ७९ | | | **विपद् जोखिम वार्षिक प्रतिवेदनः**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ८० | | | **सामाजिक सुरक्षाः**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था  गरेको छ । पालिकाले यस वर्ष सामाजिक सुरक्षा भत्तामा रु.१३३७८१७३२।०६ खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् | |
| ८०.१ | | | **विवरण पेश तथा समीक्षाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३१ बमोजिम स्थानिय तहले भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण नगरसभामा पेश गर्नुपर्ने र सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा र खर्चको समिक्षा गर्नुपर्नेमा पालिकाले सो गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८०.२ | | | **सार्वजनिक सुनुवाईः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नु पर्दछ । | |
| ८०.३ | | | **पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानिय तहले सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानिय तहको वेभसाइटमा राख्नुपर्ने र रकम भुक्तानी गरेको तथा बुझि लिने व्यक्तीको नामावली स्थानीय तहका अतिरिक्त सम्बन्धित वडा कार्यलयमा समेत सार्वजनिक गर्ने व्यवस्था छ । पालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिको विवरण वेभसाइटमा सार्वजनिक गरेको छैन । | |
| ८१ | | | **विपद् जोखिम न्यूनीकरण कार्य योजनाः**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७९ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/ गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । | |
| ८२ | ३९ | २०७८-८-२ | **कार्यक्रम प्रशारणः**<br>पालिकाले मिति ०७७।०८।११ मा एनटिभि प्लस टेलिभिजन मा पालिकाको गतिविधि तथा वस्तुस्थिति झल्किने २५ मिनेटको भिडियो उत्पादन गरी प्रसारण गर्न रु २,००,०००।- टेलिभिजन कार्यक्रम निर्माण तथा प्रशारण गर्ने सम्झौता गरी मिति ०७७।०८।२७ मा प्रसारण गरेको भनि भगवती मिडिया क्रियशन प्रा. लि. (६०६६९३०५५) लाई ०७८।०८।०२ गते १,४०,०००।- भुक्तानी गरेको देखियो । अघिल्लो वर्ष सम्झौता गरी अघिल्लो वर्ष नै प्रसारण गरेको भनिएको कार्यक्रमको भुक्तानी यस वर्ष गरेको तथा कार्यक्रमको भिडियो सिडी संलग्न नरहेकोबाट उक्त सम्झौता बमोजिम कार्य भएको यकिन गर्न सकिएन । सम्झौता बमोजिम कार्यक्रम प्रसारण भएको तथा अघिल्लो वर्षको सम्झौता रकम बमोजिम भुक्तानी नभएको प्रमाण पेस गर्नुपर्ने रु | १४०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८३ | | | **विविध भुक्तानीः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ ।पालिकाले निम्न भुक्तानी गर्दा खर्च प्रमाणित गर्ने बिल भरपाई भन्दा वढी खर्च गरेकोले उक्त रकम असूल गर्नुपर्ने रु. | ३२,००० |

| भौ नं | नाम | व्यहोरा | रकम |
|---|---|---|---|
| २८९।०७९।०१।०७ | प्रमुख प्रशासकीय अधिकृत रोमाकान्त पाण्डे | बुटवल र काठमाडौं भ्रमण जादा दैनिक भत्ता रु १६०० को दरले हुनुपर्नेमा रु १८०० को दरले भुक्तानी भएकोले १०।५० दिनको वढी भुक्तानी असूल गर्नुपर्ने रु | २१०० |
| २८२।०७८।१२।२९ | वडा नं १० वडा अध्यक्ष हरी प्रसाद ढकाल | सुर्खेत भ्रमण जादाँ ५।५ रु १८०० को दरले भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्ने रु | ९९०० |
| २६९।०७८।१२।२५ | ल्याब असिस्टेन्ट प्रेम विष्ट | ०७८ कार्तिक १५ गते मासिक १८००० तलब र रु२००० महंगी भत्ता पाउने गरी नियुक्त भएकोमा १ महिनाको तलब भत्ता वढी भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्ने | २०००० |
| | जम्मा | | ३२००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८४ | | | **तालिम नर्म्सः**<br>अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०७७ को ७.१.१५ सबै प्रकारका तालिम, गोष्ठी सेमिनार संचालन सम्बन्धी खर्चको मापदण्डमा सम्बन्धित कार्यकालयले संचालन गरेको तालिममा कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ । त्यस्तै तालिम केन्द्रबाहेक अन्य निकायबाट (नगरस्तरमा) संचालित सबै प्रकारका तालिममा अधिकृत स्तरीय तालिम भए कार्यपत्र वापत रु.१०००।- र सहायक स्तर तालिम भए कार्यपत्र वापत रु.८००।- भत्ता भुक्तानी गर्न सकिने, त्यस्तै संयोजक भत्ता प्रति दिन रु.४००।-(१५ दिन पश्चात प्रति दिन रु.२००) र प्रतिबेदक पारिश्रमिक वढीमा रु.१,५००।- सम्म भुक्तानी गर्न सकिने व्यवस्था छ । निम्न बमोजिकको तालिम संचालन गर्दा उल्लेखित नर्म्सको पालना नभएको देखिएकोले वढी भुक्तानी भएको रु. ९१,१२०।- कार्यक्रम संचालकबाट असुल गर्नुपर्ने रु | ९२,८२० |

| भौ नं र मिति | तालिमको नाम | कर्मचारी को नाम | वापत | सेसन। संख्या | भुक्तानी भएको | हुनुपर्ने | वढी | कर बाहेक असूल |
|---|---|---|---|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १०४।०७८।१२।२३ | बाख्रापालन सिपविकास वडा नं ५ र ६ | भरत प्रसाद न्यौपाने | प्रतिबेदन | २ | २५०० | १५०० | १००० | १७०० |
| | | | प्रशिक्षक | ५६ | १६०० | ८०० | ८०० | ३८०८० |
| १३०।०७९।०१।२१ | तरकारी खेती सिपविकास | अनु भण्डारी | प्रतिबेदन | १ | २५०० | १५०० | १००० | ८५० |
| | | हरीमाया सापकोटा | प्रशिक्षक | २० | १६०० | ८०० | ८०० | १३६०० |
| | बाख्रापालन सिप विकास | अनु भण्डारी | प्रतिबेदन | १ | २५०० | १५०० | १००० | ८५० |
| | | भरत प्रसाद न्यौपाने | प्रशिक्षक | २८ | १६०० | ८०० | ८०० | १९०४० |
| १८१।०७९।०३।०९ | सिलाईकटाई वडा नं ५ र ६ | लक्ष्मी कुमारी पौडेल | संयोजक | १३० | ४०० (१५ दिन पछि प्रतिदिन २००) | २०० | २०० (१०० दिनको) | १७००० |
| | | अनु भण्डारी | प्रतिबेदन | २ | २५०० | १५०० | १००० | १७०० |
| | जम्मा | | | | | | ६६०० | ९२८२० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८५</td><td></td><td></td><td>तालिम संचालनः<br>पालिकाले २ पटक व्यूटिसियन तालिम संचालन गरि रु.९,९९,०००।०० खर्च लेखेको सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन ।
<table>
<tr><th>भौचर नं र मिति</th><th>कार्यक्रम</th><th>कार्य संचालक</th><th>खर्च रकम</th><th>खर्च शिर्षक</th></tr>
<tr><td>७३- ०७९।१।१४</td><td>व्यूटिशियन तालिम</td><td>रोशनी व्यूटी पार्लर एण्ड ट्रेनिङ्ग सेन्टर</td><td>४९९०००</td><td>महिला तथा बाल विकास कोष रु २ लाख र बाँकी समानिकरण पुजीगत कन्टिजेन्सीवाट</td></tr>
<tr><td>३५७- ०७९।३।२५</td><td>एडभान्स व्यूटीसीयन तालिम</td><td>रोशनी व्यूटी पार्लर एण्ड ट्रेनिङ्ग सेन्टर</td><td>५०००००</td><td>समानिकरण चालु</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>९९९०००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>८५.१</td><td></td><td></td><td>प्रक्रिया वेगर परामर्श सेवा खरिदः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको परामर्श सेवा कोटेशन मार्फत खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहले नियममा उल्लेख भएको खरिद प्रकृया नअपनाई सिधै रोशनी व्यूटी पार्लर एण्ड ट्रेनिङ्ग सेन्टरसँग सम्झौता गरी २ पटक व्यूटिशियन तालिम संचालनको रु.९,९९,०००।- भुक्तानी गरेको छ । खरिद विधि नअपनाई सम्झौता अनुसार भुक्तानी गरेको नियम सम्मत देखिएन।</td><td></td></tr>
<tr><td>८५.२</td><td></td><td></td><td>अग्रीम कर : आयकर ऐन २०५८ अनुसार परामर्शदाताको रकम भुक्तानी गर्दा १५ प्रतिशत अग्रीम कर कट्टा गर्नुपर्दछ । रोशनी व्यूटी पार्लर एण्ड ट्रेनिङ्ग सेन्टरले व्यूटिशियन तामिल संचालन गरे वापत कर वीजक पेस नगरेकोले भुक्तानी भएको रु.५,००,०००।- को १५ प्रतिशतले रु.७५,०००।- को कट्टा गर्नुपर्नेमा रु.१२,५४१।- मात्र दाखिला गरेको देखिएकोले अपुग रु.६२,४५९।- असुल हुनुपर्ने रु</td><td>६२,४५९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८५.३ | | | व्यूटिसियन तालिमः गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ४१ (३) मा उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अंकको कम्तीमा बीस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा असी प्रतिशत रकम मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ । सीप विकास तालिम सम्वन्धि पालिकाले संचालन निर्देशिका स्वीकृत नभएको अवस्थामा यसै निर्देशिकामा उल्लेख भए अनुसार संचालन गर्नुपर्दछ । पालिकाले तालिममा प्रविधि वापत तालिम संचालकलाई निम्नानुसार भुक्तानी गरेकोमा प्रविधि हस्तान्तरणको लागि सामग्री खरिद तथा वितरण भएको नदेखिएकोले वितरण गरेको भए २० प्रतिशत रकम असूल भएको प्रमाण सहित वितरण भएको प्रमाण पेश हुनुपर्ने अन्यथा सो वापतको रकम असूल रु. | ५०२,००० |

| सि नं | कार्यक्रम | प्रविधि हस्तान्तरण वापत भुक्तानी | कैफियत |
|---|---|---|---|
| १ | व्यूटिशियन तालिम | १३०००० | |
| २ | एडभान्स व्यूटीसीयन तालिम | ३७२००० | कच्चा पदार्थ र प्रविधि के वितरण गरेको उल्लेख नगरी खर्च लेखेको |
| | जम्मा | ५०२००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८६ | | | **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ: | |
| ८६.१ | | | पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको तथा अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्ने गराउने तथा अभिलेख राख्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८६.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१, वन क्षेत्रको जग्गा प्रयोगको सन्दर्भमा प्रचलित वन कानुन अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि नेपाल सरकारको निर्णय र स्थानीय तहले निजी जग्गा प्राप्ति गर्नुपरेमा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार स्थानीय तहले सरकारी जग्गा संरक्षण, सरकारी जग्गा दर्ता तथा लिजमा लिने, वन क्षेत्रको जग्गा प्रयोग गर्ने तथा निजी जग्गा प्राप्ति गर्ने व्यवस्था छ । उपर्युक्त कानुनी व्यवस्था बाहेक अन्य प्रकृयाबाट गरिने सरकारी सम्पत्तिको हक हस्तान्तरण बेचविखन, वितरण र उपयोग जस्ता निर्णय कार्य प्रचलित कानुन विपरित हुने र उल्लेखित प्रकृया बेगरको निर्णय कार्यान्वियन नगर्ने व्यवस्था छ । पालिकाले सो सम्वन्धमा कुनै निर्णय गरेको देखिएन । | |
| ८७ | | | **खेलकुद कार्यक्रमः** | |
| ८७.१ | ९९ | २०७८-९-२० | काक्रेविहार गोल्डकपमा सहभागी भएवापत पालिकाले खेलाडी व्यवस्थापनको लागि अधिकृत श्री तुलसी के.सी. लाई रु.१ लाख भुक्तानी गरेको छ । यसरी व्यवसायिक प्रयोजनको लागि खेलिने खेल व्यवस्थापनको लागि पालिकाले लेखेको खर्च अनियमित भएको रु | १००,००० |
| ८७.२ | | | **बिल भरपाई पेश गर्नुपर्नेः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पञ्चपुरी खेलकुद विकास समितिको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता अन्तर्गतको पेश्की फछ्र्यौट सम्बन्धि बिल भरपाई भौचर साथ संलग्न नरहेकोले उक्त बिल भरपाई पेस गर्नुपर्ने रु. | १००,००० |
| ८८ | | | **डकुमेन्ट्रि निर्माणः** | |
| ८८.१ | | | **स्मारिका प्रकाशनः** पालिकाले ५ वर्षे कार्यको स्मारिका तथा भिडियो डकुमेन्ट्रि निर्माण गर्न कर्णाली मिडिया सेन्टर नेपाल प्रा.लि.सँग सम्झौता गरेको देखिए तापनि सम्झौतामा उक्त डकुमेन्ट्रि के कति मिनेटको हुने, विषय वस्तु स्पष्ट नगरी तथा उक्त भिडियोको कुन मिडियावाट कति पटक प्रसारण गर्नुपर्ने र सोको सर्वाधिकार समेत पालिका रहने व्यवस्था उल्लेख भएको देखिएन । सम्झौता वमोजिम निर्माण सम्पन्न गरी पेस भएको भिडियोको समय १६:२२ रहेकोमा लेखापरीक्षण अवधि सम्म कुनै पनि मिडियामा प्रसारण नभएकोले उक्त खर्च औचित्य नदेखिएकोले यस्तो सम्झौता गर्ने तथा खर्च भुक्तानी गर्नेलाई जिम्मेवार वनाउई उक्त खर्च नियमित गर्नुपर्ने रु | ४७४,६०० |
| ८८.२ | ४३७ | २०७९-३-१४ | नगरपालिकाले पुरै नगर समेटने गरी स्मारिका तथा भिडियो डकुमेन्ट्री निर्माण गरेकोमा सोही कार्यको वडा कार्यालयले पुन छुट्टै वृतचित्र निर्माण गरी मिलिजुली मिडिया नेटवर्क प्रा लि. लाई रु.१,४९,९००।- भुक्तानी दिएकोले एकै काममा दोहोरो खर्च गरेकोले सो रकम असुल गर्नुपर्ने रु.. | १४९,९०० |
| ८९ | | | **शैक्षिक सामाग्री वितरणः** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८९.१</td><td>४५०</td><td>२०७९-३-१६</td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ अनुसार एक लाख भन्दा वढीको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा कोटेशन माग गरी खरिद गर्नुपर्दछ । पालिकाले बालवालिकालाई शैक्षिक सामाग्री वितरण कार्यक्रमको लागि पवित्रा गौतमलाई दिएको रु.२,००,०००।- पेश्की फछर्यौट गर्दा सामाग्री खरिद कोटेशन मार्फत खरिद गर्नुपर्नेमा विल टुक्रापारी खरिद गरे नियम सम्मत नदेखिएको रु.<br>
<table>
<tr><td>सि नं</td><td>सामनको नाम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>कपी ८५ दर्जन</td><td>५५२५०</td></tr>
<tr><td>२</td><td>झोला ८५ थान</td><td>१०२०००</td></tr>
<tr><td>३</td><td>डटपेश ८५ दर्जन</td><td>१२७५०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१७००००</td></tr>
</table></td><td>१७०,०००</td></tr>
<tr><td>८९.२</td><td></td><td></td><td>खाजा खर्च : सामाग्री वितरण कार्यक्रममा खाजा खर्च लेख्न पाउने उल्लेख र औचित्य नभएकोले उक्त रकम कार्यक्रम खाजा खर्च रु.१४,१००।- लेखेको रकम संचालकवाट असुल हुनुपर्ने रु.</td><td>१४,१००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९० | | | **सामग्री खरिद तथा वितरणः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ ।कार्यालयले सामाग्री खरिद तथा वितरण गर्दा लाभग्राहीलाई सार्वजनिक सूचना गरी खरिद भएको सामाग्री वितरण तथा छनौट प्रकृया वेगर वितरण गरेकोले वास्तविक लाभग्राहीलाई नभई पहुँचको आधारमा वितरण हुन सक्ने भएकोले छनौट प्रकृया पार्दर्शी हुनुपर्दछ । | |

| भौ नं र मिति | योजनाको नाम | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|---|
| २१-०७८।१२।१ | मिनिटिलर वितरण | १ थान ९ एच पि २ थान ६ एच पि | किसान आधुनिक कृषि मेसेनरी घर | २२९९९० |
| १७१-०७९।३।१७ | पिसानी फ्लोर मिल | १ सेट | बिकाससिल कृषक समूह बुढाखालीको लागि पिसानी मिल खरिद | २००००० |
| | | जम्मा | | ४२९९९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९१ | | | **स्रेस्ता पेश नभएकोः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३५ मा कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोवारको तोकिए वमोजिमको लेखा स्रेस्ता र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । पालिकाले लेखापरीक्षणको क्रममा निम्नानुसारको चालु तर्फको खर्च भौचर अन्य निकायले माग गरे अनुसार पठाएको भनि लेखापरीक्षणको लागि पेस नभएकोले उक्त खर्चको सक्कल भौचर पेस हुनुपर्ने रु<br>(उक्त भौचरमा भएको खर्चको विस्तृत विवरण अनुसुची १ मा उल्लेख छ ।) | ५,३८९,७९१ |

| सि.नं. | मिति | भौ. नं. | बजेट खर्च | |
|---|---|---|---|---|
| | | | खर्च शीर्षक | रकम |
| १ | ०२/०५/२०७९ | ३४७ | २२६११ | ५९,१५०.०० |
| २ | ०२/०५/२०७९ | ३४८ | | ० |
| ३ | ०२/०९/२०७९ | ३४९ | २२१११ | २३,६३५.०० |
| ४ | ०२/१०/२०७९ | ३५० | | ० |
| ५ | ०२/१०/२०७९ | ३५१ | २११३९ | ५,०००.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | ६ | ०२/११/२०७९ | ३५२ | २२२१३ | १९५८७४ | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ७ | ०२/११/२०७९ | ३५३ | | ० | | |
| | | | | ८ | ०२/१२/२०७९ | ३५४ | २२११२ | ३४,०००.०० | | |
| | | | | ९ | ०२/१३/२०७९ | ३५५ | २२१११ | १८,६४५.०० | | |
| | | | | १० | ०२/१७/२०७९ | ३५६ | २८१४२ | २९,२६०.०० | | |
| | | | | ११ | ०२/१७/२०७९ | ३५७ | | ० | | |
| | | | | १२ | ०२/१७/२०७९ | ३५८ | २२२१२ | ६४,३४६.०० | | |
| | | | | १३ | ०२/१९/२०७९ | ३५९ | २२५२२, २२६१२ | १२३८०० | | |
| | | | | १४ | ०२/१९/२०७९ | ३६० | | ० | | |
| | | | | १५ | ०२/१९/२०७९ | ३६१ | २२२११ | २३६७६२ | | |
| | | | | १६ | ०२/१९/२०७९ | ३६२ | | ० | | |
| | | | | १७ | ०२/१९/२०७९ | ३६३ | २२७११ | ११०००० | | |
| | | | | १८ | ०२/१९/२०७९ | ३६४ | | ० | | |
| | | | | १९ | ०२/१९/२०७९ | ३६५ | २२५२२ | ४९९४६० | | |
| | | | | २० | ०२/१९/२०७९ | ३६६ | | ० | | |
| | | | | २१ | ०२/१९/२०७९ | ३६७ | २११४१, २२११२, २२६१२, २२७११ | १९७५०० | | |
| | | | | २२ | ०२/१९/२०७९ | ३६८ | | ० | | |
| | | | | २३ | ०२/१९/२०७९ | ३६९ | २२३१५ | ४५,२००.०० | | |
| | | | | २४ | ०२/१९/२०७९ | ३७० | | ० | | |
| | | | | २५ | ०२/१९/२०७९ | ३७१ | २२७२१ | २६६५०० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २६ | ०२/१९/२०७९ | ३७२ | | ० | | |
| | | | | २७ | ०२/१९/२०७९ | ३७३ | २२५२२ | ५०,०००.०० | | |
| | | | | २८ | ०२/१९/२०७९ | ३७४ | | ० | | |
| | | | | २९ | ०२/२०/२०७९ | ३७५ | | ४४,०६१.०० | | |
| | | | | ३० | ०२/२०/२०७९ | ३७६ | | ० | | |
| | | | | ३१ | ०२/२०/२०७९ | ३७७ | २११११, २११३२, २१२१२, २१२१४ | ८२२०५८.२४ | | |
| | | | | ३२ | ०२/२०/२०७९ | ३७८ | | ० | | |
| | | | | ३३ | ०२/२०/२०७९ | ३७९ | २११३२, २२४१३ | १५३०५० | | |
| | | | | ३४ | ०२/२०/२०७९ | ३८० | | ० | | |
| | | | | ३५ | ०२/२०/२०७९ | ३८१ | २२४१३ | ८३,५००.०० | | |
| | | | | ३६ | ०२/२०/२०७९ | ३८२ | | ० | | |
| | | | | ३७ | ०२/२०/२०७९ | ३८३ | २११३२, २२४१३ | ९५,०१०.०० | | |
| | | | | ३८ | ०२/२०/२०७९ | ३८४ | | ० | | |
| | | | | ३९ | ०२/२०/२०७९ | ३८५ | २२४१३ | २४३३९४ | | |
| | | | | ४० | ०२/२०/२०७९ | ३८६ | | ० | | |
| | | | | ४१ | ०२/२०/२०७९ | ३८७ | २११३२, २२४१३ | १२४००० | | |
| | | | | ४२ | ०२/२०/२०७९ | ३८८ | | ० | | |
| | | | | ४३ | ०२/२०/२०७९ | ३८९ | २११११, २११३२ | ६८१०६६ | | |
| | | | | ४४ | ०२/२०/२०७९ | ३९० | | ० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ४५ | ०२/२०/२०७९ | ३९१ | २११३२, २२४१३ | ३६२००० | | |
| | | | | ४६ | ०२/२०/२०७९ | ३९२ | | ० | | |
| | | | | ४७ | ०२/२०/२०७९ | ३९३ | २११३२, २२४१३ | ६८२५२० | | |
| | | | | ४८ | ०२/२०/२०७९ | ३९४ | | ० | | |
| | | | | ४९ | ०२/२०/२०७९ | ३९५ | २११३२, २२४१३ | १४०००० | | |
| | | | | ५० | ०२/२०/२०७९ | ३९६ | | ० | | |
| | | | | यो महिनाको जम्मा | | | | ५,३८९,७९१.२४ | | |
| ९२ | | | अनुगमन तथा सम्परीक्षणः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको पालिकाले सम्परीक्षणको लागि पेश नभई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | | | | | | | |

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ८८६५१ | ० | ८८६५१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९३</td><td></td><td></td><td>अद्यावधिक वेरुजुः<br>यस पालिकाको २०७८।७९ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>यो वर्ष कायम बेरुजू ©</th><th>संपरीक्षणबाट कायम बेरुजू (D)</th><th>अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>८८६५१</td><td>०</td><td>०</td><td>११७९६५</td><td>२०६६१६</td></tr>
</table>
</td><td></td></tr>
</table>

https://nams.oag.gov.np